# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १६० | काठमाडौं | शनिबार, १३ असोज २०८० | Prabhab National Daily | Saturday, September 30, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# युवा अवस्थामा नै मुटुको समस्या

**काठमाडौं–** शुक्रबार नेपालसहित विश्वभर नै 'विश्व मुटु दिवस' मनाइएको छ । 'मुटुबारे जानौं र मुटु बचाऔं' भन्ने मूल नाराका साथ दिवस बनाएको हो ।

अहिले युवावस्थामा नै मुटुमा समस्या हुँदा धेरै मानिसलाई हृदयघात हुने गरेको छ । युवावस्थामा नै निष्क्रिय जीवनशैली, चुरोट, सुर्ती तथा खैनीको अत्यधिक सेवन, मोटोपनाका कारणले हृदयघातको समस्या बढिरहेको सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका निर्देशक डा. चन्द्रमणि अधिकारीले बताए ।


उनका अनुसार हृदयघात हुनेमध्ये १२ प्रतिशत बिरामी ४५ वर्षमुनिका युवा रहेका छन् । 'युवाहरूमा बढ्दै गएको चुरोट तथा सुर्ती सेवनले हृदयघातको समस्या बढ्दै गएको छ,' उनले भने, 'खासगरी ४५ वर्षमुनिका १२ प्रतिशत युवामा हृदयघात हुनुका मुख्य कारण चुरोट र सुर्ती सेवन देखिएको छ ।'

डा. अधिकारीका अनुसार चुरोट र सुर्तीबाहेक युवामा बढ्दै गएको अस्वस्थ्य खानपान, मोटोपना, निष्क्रिय जीवनशैली, तनावलगायत पनि कम उमेरमै हृदयघात हुने गरेको छ । हृदयघात वंशाणुगतका कारण पनि हुने गरेको उनको भनाइ थियो । पैतालीस वर्ष कटेपछि वर्षमा एकपटक मुटुको नियमित जाँच गराउनुपर्ने चिकित्सकहरू बताउँछन् ।

खासगरी पुरुष ५५ र महिला ६५ वर्ष नाघेपछि उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मोटोपना, हर्मोन, चिल्लो खानापन, तनावलगायत कारणले हृदयघात हुने गरेको केन्द्रका कार्यकारी निर्देशक डा. अधिकारीले बताए । नियमित व्यायाम गर्नेमा भन्दा व्यायाम नगर्नेमा हृदयघातको जोखिम बढी हुने उनले उल्लेख गरे ।

(बाँकी पृष्ठ २ मा)

## बचाउन सकिन्छ मुटु



**चितवन–** खानपान र जीवनशैलीमा ध्यान दिनसकेमा मुटुलाई रोगबाट बचाउन सकिने विज्ञ चिकित्सकले बताएका छन् । पछिल्लो समय मानिसहरूको विलासी जीवनशैलीका कारण मुटुरोगको समस्या बढ्दै गएको उनहरूको भनाइ छ ।

भरतपुर अस्पतालका मुटुरोग विशेषज्ञ डा. मणि गौतम परिवारका सदस्यलाई मुटुसँग सम्बन्धित रोग भए/नभएको ख्याल गर्नुपर्ने बताउँछन् । उच्च रक्तचाप, मधुमेह, मोटोपना भएका व्यक्तिलाई मुटुरोग हुने जोखिम बढी हुने उनको भनाइ छ ।

उनले भने, 'जोखिमका तत्व पहिचान गरेर मुटुरोगबाट सुरक्षित रहन सकिन्छ ।' धूमपान, मद्यपानलगायतका बानी व्यहोरामा सुधार गर्नुपर्ने उनको सुझाव छ । शारीरिक व्यायाममा ध्यान दिन, मोटोपना घटाउन, तनाव कम गर्न, मधुमेह, कोलेस्ट्रोल र उच्च रक्तचाप भएमा त्यसको नियमित औषधि सेवन गरेर व्यवस्थापन गर्न उनले सुझाव दिए ।

मुटुको बाथको रोग, जन्मजात रोगहरू छन् भने त्यहीअनुसार व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ । उनले भने, 'समयमा ध्यान दिनसके मुटुरोग लाग्नबाट बच्न सकिन्छ, लागिसकेपछि पनि जोगिन सकिन्छ ।'

चितवन मुटु अस्पतालका मुटुरोग विशेषज्ञ डा. शंकर लौडारी मुटुरोग लाग्नुभन्दा पहिले नै सतर्क हुन सक्यौं भने मुटुरोगबाट बच्न सकिने बताउँछन् । उनले भने, 'धूमपान, अत्यधिक मद्यपान लागुऔषधजस्ता कुलत छन् भने बन्द गर्नुपर्छ, यस्ता वस्तुबाट टाढा बस्दा एकदेखि दुई वर्षमा पहिलेकै अवस्थामा फर्कन सकिन्छ, तर रोग धेरै नै बढिसकेको छ भने पूर्ववत: अवस्थामा फर्कन गाह्रो पर्छ ।' चिकित्सकको सल्लाहविना अनावश्यक औषधि धेरै प्रयोग र शारीरिक व्यायामको अभावका कारण मुटुरोग बढ्ने उनको भनाइ छ । *रासस*

# आर्थिक मन्दीमा प्रधानमन्त्रीदेखि मन्त्रीहरूको मस्तराम भ्रमण

- काम नपाएपछि समाजवादी मोर्चा कसेर ठाउँठाउँमा उत्तेजक प्रवचन दिएर हिँडेका प्रधानमन्त्रीले १०/१५ दिन नबोल्दा सायद जनतालाई शान्त महसुस पनि भएको हुनसक्छ
- तर उनीहरूको घुमघामको खर्च सबै सरकारले बेहोर्नुपर्ने हुन्छ । त्यतिमात्र होइन, पदअनुसार दैनिक १५ हजारभन्दा बढीका दरले भत्तासमेत दिनुपर्छ
- लठीभद्र अवस्थामा सत्तारूढ दलदेखि प्रमुख राजनीतिक दलहरु भने अर्को चुनावमा आफू पहिलो दल बन्नुपर्ने भन्दै 'मिसन ८४' अभियान लिएर अगाडि बढेका छन्



■ प्रभाव संवाददाता

**काठमाडौं–** देश यतिबेला आर्थिक मन्दीले जर्जर छ । बजार तताउने नेपालीको मुख्य चाड दसैंको मुखमा कारोबार ठप्प छ । तर, देशको अवस्था सुधार गर्न भनेर जनताले चुनेर पठाएका जनप्रतिनिधि भने संसद् बन्द गरेर विदेशमा मोजमस्ती गर्न व्यस्त छन् ।

यसरी मस्तराम घुम्नमा पहिलो नम्बरमा परेका छन् प्रधानमन्त्री पुष्पकमल दाहाल । हुन पनि सरकारमा केही काम छैन प्रधानमन्त्रीको । काम नपाएपछि समाजवादी मोर्चा कसेर ठाउँठाउँमा उत्तेजक प्रवचन दिएर हिँडेका प्रधानमन्त्रीले १०/१५ दिन नबोल्दा सायद जनतालाई शान्त महसुस पनि भएको हुनसक्छ । तर, देशकै मुख्य नेतृत्व परिस्थिति पन्छाएर मस्तराम घुम्नु अनौठो नै मान्नुपर्छ ।

असोज ५ गते अमेरिकाबाट चीन रवाना भएका प्रधानमन्त्री दाहाल शुक्रबार छेन्दु पुगेका छन् । उनलाई छेन्दुमा सिचुवान प्रान्तका उपप्रमुख याङ सिङफिङ, प्रान्तीय सरकारका उपमहासचिवलगायतले स्वागत गरे । छेन्दुमा खासै उपलब्धिमूलक कार्यक्रम छैन प्रधानमन्त्रीको । तर, मन्त्रीको लस्करै लगाएर दाहाल ल्हासा घुमेर छेन्दु पुगेका छन् ।

राष्ट्रसंघको महासभामा भाग लिन भदौ २५ गते न्युयोर्क उडेका परराष्ट्रमन्त्री एनपी साउद प्रधानमन्त्रीसँगै छन् । उनीसँगै यातायातमन्त्री प्रकाश ज्वाला, खानेपानीमन्त्री महेन्द्र राय यादव पनि ल्हासामै छन् । लस्करै भ्रमणमा रहेका प्रधानमन्त्रीदेखि मन्त्रीहरूले शुक्रबार छेन्दुमा पाण्डा प्रजनन केन्द्र घुमे । सिचुवान प्रान्तका पार्टी सेक्रेटरी नेतृत्वको चिनियाँ प्रतिनिधिमण्डलसँग द्विपक्षीय बैठकमा सहभागी भए ।

राजनीतिक सल्लाहकार हरिबोल गजुरेल, मुख्यसचिव डा. वैकुण्ठ अर्याल, विभिन्न मन्त्रालयका सचिवलगायत अधिकारीले पनि सरकारी खर्चमा चीनका विभिन्न ठाउँ घुमिरहेका छन् ।

प्रधानमन्त्रीमण्डलले बिहीबार चीनको तिब्बतमा पर्ने मानसरोवर र कैलाश पर्वत अवलोकन गरेका थिए । मंगलबार छोङछिङमा कृषि फार्म हेर्न पुगेको टोली बुधबार ल्हासा गएको थियो । चीनसँग दीर्घकालीन महत्त्वका सम्झौता नभए पनि जम्बो टोलीका लागि घुमघाम निकै फलदायी भएको देखिन्छ । उनीहरूको घुमघामको खर्च सबै सरकारले बेहोर्नुपर्ने हुन्छ । त्यति मात्र होइन, पदअनुसार दैनिक १५ हजारभन्दा बढीका दरले भत्तासमेत पाउँछन् । देशको आर्थिक अवस्था ओरालो लागेको अवस्थामा विदेश भ्रमण कम गर्नुपर्ने अर्थविद्हरू बताउँछन् । नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला पनि यस्तो बेला सरकार निर्मम बन्नुपर्ने बताउँछन् । 'विदेश भ्रमण कम गर्न सकिँदैन ? अर्थमन्त्रीले बजेटमा केही सरकारी संरचना घटाउने कुरा उल्लेख गर्नुभयो । अर्थमन्त्रीले यस्तो बेलामा निर्मम बन्न सक्नुपर्छ,' कोइरालाले भने ।

(बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# तेस्रो एनआरएन विश्व ज्ञान सम्मेलनको तयारी

■ प्रभाव संवाददाता




**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए)ले तेस्रो एनआरएन विश्व ज्ञान सम्मेलन आयोजना गर्ने भएको छ । संघले यही असोज ३० र कात्तिक १ गते अर्थात् अक्टोबर १७ र १८ तारिखमा आयोजना गर्ने भएको हो ।

ज्ञान सम्मेलनमा २५ भन्दा बढी देशका १०० भन्दा बढी प्रतिष्ठित विश्वविद्यालय, अनुसन्धान केन्द्रहरूबाट ३०० भन्दा बढी प्रस्तोताहरूको सहभागिता रहने र २०० वटा कार्यपत्र प्रस्तुत गरी त्यसमाथि छलफल हुने बताइएको छ । सम्मेलनका संयोजक सहप्राध्यापक राजु अधिकारीले जानकारी दिए । लागि आवश्यक सबै तयारी पूरा हुने क्रममा रहेको उनले बताए ।

'सामाजिक अर्थतन्त्र विकासका लागि वैज्ञानिक अन्वेषण र लगानी' भन्ने मूल नारा रहेको यो सम्मेलनमा अर्थ, विज्ञान, पूर्वाधार , कृषि र उर्जामा आधारित चार वटा प्लेनरी सेसन सहित ११ विभिन्न विधामा गैरआवासीय नेपाली विज्ञहरू, नेपालमा रहनुभएका विज्ञहरू, र नेपालसँग जोडिएका विदेशी विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्नेछन् । विशेषत: दिगो सहरी विकास योजना, दिगो कृषि र खाद्य सुरक्षा, वातावरण, प्रकोप र जोखिमव्यवस्थापन, नवीकरणीय ऊर्जा, जैविक प्रविधि र व्यावसायिक अवसर, विज्ञान तथा प्रविधिमा लगानी र नीतिहरू, डिजिटल र एआई प्रविधि, जनसंख्या र जनस्वास्थ्य, अर्थतन्त्र र विदेशी लगानी, दिगो पूर्वाधार र निर्माण सामग्री, विदेशिक रोजगारी र व्यवसायिक प्राविधिक शिक्षालगायतका विषयमा बृहत् छलफल गरिने जानकारी दिइएको छ ।

'सम्मेलनले पारम्परिक अर्थतन्त्रलाई ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्रमा परिवर्तन गर्ने र संयुक्त राष्ट्रसंघको स्थायी विकासका लक्ष्यहरूलाई समेत सम्बोधन गर्ने अपेक्षा राखेका छौं । सम्मेलनले विधमान सरकारी नीतिहरू, शिक्षाविज्ञान र प्रविधि विकासमा लगानी र यसको अनुसन्धानलगायतका विषयमा पनि जोड दिनेछ,' संयोजक अधिकारीले भने, 'सम्मेलनमार्फत नेपालमा रहेका तथा गैरआवासीय नेपाली विशेषज्ञ, वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूबीच अरु निकट सम्पर्क, सहकार्य, ज्ञानको आदानप्रदान तथा स्थानान्तरणका लागि आह्वान गरिनेछ ।'

सम्मेलनको आयोजनाका लागि विभिन्न विशेषज्ञ सम्मिलित समितिहरू गठन गरिएको छ । सम्मेलनका लागि ३१ जुलाई २०२३ (साउन १५) देखि कार्यपत्र आह्वान गरिएको थियो । साथै, अन्य सहभागीहरूका लागि १५ अगस्ट २०२३ (साउन ३०) बाट दर्ता सुरु गरिएको थियो ।

# दुबई पठाइदिन्छु भनी तीन लाख ठगी गर्ने पक्राउ



**काठमाडौं (प्रस)–** वैदेशिक रोगारीका लागि दुबई पठाइदिन्छु भनी तीन लाख रूपैयाँ रकम ठगी गर्ने एक जनालाई प्रहरीले शुक्रबार पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा अर्घखाँची भूमिकास्थान नगरपालिका-५ घर भई हाल काठमाडौं महानगरपालिका-३२ काडाँघारी बस्ने ३२ वर्षीय अशोक भट्टराई रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

उनका अनुसार निजले अजयकुमार महतोलाई वैदेशिक रोजगारीका लागि दुबई पठाइदिने र त्यसका लागि तीन लाख पाँच हजार रूपैयाँ लाग्ने एवं दुबई पुगेपछि वाइक राइडरमा काम लगाइदिने भनी विश्वास दिलाएर पीडितबाट पटक-पटक गरी जम्मा तीन लाख रूपैयाँ रकम लिई ठगी गरेको आरोपमा शुक्रबार दिउँसो नयाँ बानेश्वरबाट पक्राउ गरिएको हो ।

निजलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

वैदेशिक रोजगारीमा पठाउने नाममा हुने ठगीका घटना हरेक दिनजसो सार्वजनिक भइरहेको छ । नेपाल प्रहरीको तथ्यांक हेर्ने हो भने पनि ठगीमा संलग्न व्यक्ति दैनिक पक्राउ परिरहेका छन् । सरकारले वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रणका लागि काम गरिरहेको बताए पनि यो क्रम रोकिएको छैन ।


## जनहितमा जारी सन्देश

डेंगी

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरु: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

संसदीय समितिको निर्देशन

# चिकित्सकमाथि दुर्व्यवहार गर्नेलाई कारबाही गर

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय संसद्‌अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले चिकित्सकमाथि दुर्व्यवहारमा संलग्नलाई कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ । समितिको शुक्रबारको बैठकमा समितिका सभापति भानुभक्त जोशीले स्वास्थ्य क्षेत्रलाई मर्यादित, सुरक्षित, हिंसा र भयमुक्त एवं मैत्रीपूर्ण बनाई निर्वाध सेवा प्रवाहको वातावरण तयार गर्न सम्बन्धित निकायलाई निर्देशन दिए ।

'चिकित्सकमाथि हुने यस्तो घटनाप्रति खेद प्रकट गर्दछौं,' समितिको निर्णयमा भनिएको छ, 'दोषीउपर कारबाही गर्न र सार्वजनिक सरोकारको स्वास्थ्य क्षेत्रलाई मर्यादित बनाउनसम्बन्धित निकायलाई निर्देशन दिइएको छ ।' समितिका सभापति जोशीले चिकित्सक एवं स्वास्थ्यकर्मीमाथि बढ्दो आक्रमण र दुर्व्यवहारका घटनाप्रति ध्यानाकर्षण भएको बताए ।

बैठकले चिकित्सक एवं स्वास्थ्य क्षेत्रसँग सम्बन्धित समस्याको समाधान वार्ताबाट गर्न सुझाव दिएको छ । समितिले चिकित्सकहरू पेसागत क्षेत्रमा नियमित हुने वातावरण सिर्जना गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको छ । यस्तै स्वास्थ्य क्षेत्रसँग सम्बन्धित समस्या समाधान गर्न उपसमिति तथा अध्ययन कार्यदल गठन गर्न समितिले निर्देशन दिएको छ ।

समिति बैठकमा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत, गृह मन्त्रालयका सचिव, नेपाल मेडिकल काउन्सिल, नेपाल दन्त चिकित्सक संघ, नेपाल सरकारी चिकित्सक संघ, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय आवासीय चिकित्सक संघ, नेपाल नर्सिङ काउन्सिल, नेपाल नर्सिङ परिषद्‌लगायतका सरोकारवाला संघसंस्थाको प्रतिनिधिको उपस्थिति थियो ।

मन्त्री बस्नेतले चिकित्सकमाथि भएको दुर्व्यवहार एवं अनपेक्षित घटनाबारे दुःख व्यक्त गरे । बैठकमा गृह मन्त्रालयका सचिव दिनेश भट्टराईले चिकित्सकहरूलाई आन्दोलन फिर्ता लिन आग्रह गरेका थिए । सचिव भट्टराईले दुर्व्यवहारका घटना भएका अस्पतालमा सुरक्षाको व्यवस्था मिलाइएको र संलग्नलाई कारबाहीको प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

बैठकमा आवासीय चिकित्सकलेहरूले हेटौंडा, बुटवल, लमजुङ, मणिपाल कलेज पोखरा, विराटनगर, बगौडा अस्पताल, चितवन र पाटनलगायतका अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको दुर्व्यवहारमा संलग्नलाई तत्काल कारबाही गर्न माग राखे । मणिपुर शिक्षण अस्पतालमा रहेका राजनीतिक दलका भ्रातृ संगठन हटाउन र चिकित्सकको शान्तिसुरक्षा र सुविधाको प्रत्याभूतिको माग गरिएको थियो ।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले सरकारले चिकित्सकको सुरक्षाको प्रत्याभूति दिलाउनुपर्नेमा जोड दिए । सरकारी चिकित्सक संघका अध्यक्ष डा. समाज गौतमले दोषीलाई कारबाहीको माग गरे । बैठकमा समितिका अधिकांश सदस्यले चिकित्सक एवं स्वास्थ्यकर्मीको समस्यालाई दीर्घकालीन समाधान दिन दृढ राजनीतिक संकल्प आवश्यकता भएको बताएका थिए ।

## आन्दोलन फिर्ता लिन आग्रह

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले चिकित्सकहरूलाई आन्दोलन फिर्ता लिन आग्रह गरेका छन् । चिकित्सक र स्वास्थ्यकर्मीमाथि पटक-पटक भएका दुर्व्यवहारका घटनामा संलग्नलाई कारबाही गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ ।

शुक्रबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा मन्त्री बस्नेतले चिकित्सकलाई आन्दोलन स्थगित गरी काममा फर्कन अनुरोध गरे । उनले पछिल्लो समय चारवटा अस्पतालमा भएका घटनाबारे अनुसन्धान भइरहेको पनि जानकारी दिए । चिकित्सकहरूलाई सुरक्षाको प्रत्याभूतिको सरकारले दिनेमा उनले प्रतिबद्धता जनाए ।

'यो समस्याको दीर्घकालीन समाधानका लागि सरकार गम्भीर छ । पछिल्ला चारवटा घटनाको छानबिन र कारबाहीको काम गृह मन्त्रालयले अघि बढाइसकेको छ । आन्दोलन फिर्ता लिएर सेवामा फर्किन अनुरोध छ,' उनले भने ।

मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रका अधिकांश समस्या समाधानका लागि दरबन्दी थप्ने काम अघि बढेको पनि जानकारी दिए । 'अहिले देखिएका अधिकांश समस्याका पछाडि कम दरबन्दी हुनु पनि हो, दरबन्दी थप्ने काम भइरहेको छ,' उनले भने, 'चिकित्सक र स्वास्थ्यकर्मीको दरबन्दी थप्न प्रधानमन्त्री सकारात्मक हुनुहुन्छ ।'

## आर्थिक ...

पृष्ठ १ बाट जारी

तर, पछिल्लोपटक मन्त्रीहरूको विदेश सयर चर्को रूपमा बढेको छ । प्रधानमन्त्री दाहाल नेतृत्वको टोली शनिबार बिहान काठमाडौं आइपुग्ने कार्यतालिका रहेको छ ।

अरु मन्त्री पनि छैनन् कम

सरकारमा केही काम नपाएका मन्त्रीहरू विदेश सयरमै व्यस्त देखिन्छन् । युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बू चीनकै ह्वाङ्झाउमा एसियाली खेलकुद हेर्न पुगेका छन् ।

अर्थमन्त्री डा. प्रकाशशरण महत बिहीबारमात्र काठमाडौं आइपुगे । एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआइआइबी)को वार्षिक बैठकमा सहभागी हुन उनी इजिप्टको कायरो पुगेका थिए । कृषि तथा पशुपन्छी विकासमन्त्री बेदुराम भुसाल क्युबाको हवान र सहरी विकासमन्त्री सीता गुरुङले एक साता लामो युरोप भ्रमण गरेर फर्किएका छन् । स्वास्थ्यमन्त्री मोहन बस्नेत केही समयअघि विभिन्न देश पुगेर स्वदेश फर्केका छन् ।

यता यहीबेला स्वास्थ्यकर्मी, शिक्षक आन्दोलनमा उत्रिएका छन् । तर सरकारलाई उनीहरूको मागमा गम्भीर भएको देखिँदैन । देशको अवस्था लठीभद्र अवस्थामा छाडेर सत्तारुढ दलदेखि प्रमुख राजनीतिक दलहरू भने अर्को चुनावमा आफू पहिलो दल बन्ने भन्दै 'मिसन ८४' अभियान लिएर अगाडि बढेका छन् ।

## युवा...

पृष्ठ १ बाट जारी

'बिरामीको छाती भारी जस्तो हुने, छातीमा ढुंगा राखेको जस्तो लाग्ने, अलिकति हिँडयो भने दुःखाइ बढ्दै जाने हुन्छ । आराम गऱ्यो भने कम हुन्छ । यस्तो हुँदा नशा साँघुरो भएर मुटुलाई रगत पुगेको हुँदैन,' डा. अधिकारीले भने, 'हृदयघात हुने बेला रगत मुटुमा जान पाउँदैन । हृदयघात भनेको मुटुमा रक्तसञ्चार नहुनु हो । त्यतिबेला दुःखाइ निरन्तर भइरहन्छ र आराम गर्दा पनि कम हुँदैन र हृदयघात हुन्छ ।'

उनका अनुसार विगत १० वर्षको तथ्यांकअनुसार मुटुरोगका बिरामीमध्ये ५० प्रतिशत हृदयघात भएका बिरामी छन् । मुटुसम्बन्धी रोग विश्वव्यापीरूपमा मृत्युको प्रमुख कारण बन्दै गइरहेको डा. अधिकारीले बताए । हृदयघातका कारण करिब १६ प्रतिशत बिरामीको मृत्यु हुने गरेको भन्दै उनले मुटुसम्बन्धी रोगबाट बच्न स्वस्थ जीवनशैली अपनाउन सुझाव दिए ।

### मुटुरोगबाट बच्ने उपाय

स्वस्थ खानेकुरा खाने, शरीरको तौल नियन्त्रणमा राख्ने, कोलेस्ट्रोल र रक्तचाप नियन्त्रणमा राख्ने, शारीरिक व्यायाम गर्ने, धूमपान र मद्यपान नगर्ने, मानसिक तनाव व्यवस्थापन गर्ने रहेका सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका निर्देशक डा. अधिकारीले बताए ।

दैनिक ३० मिनेट हिँड्ने, हरियो, तरकारी र फलफूल खाने, नुन, चिनी तथा चिल्लो कम खाने, बालबालिकाको घाँटी दुख्दा, टन्सिल बढ्दा तुरुन्त औषधि गराउने, पिरचिन्ता नलिने, कसैसँग नरिसाउने, दैनिक छदेखि आठ घण्टा सुत्नेलगायत क्रियाकलाप गरे मुटुरोगबाट बच्न सकिने उनको भनाइ थियो ।

कार्यकारी निर्देशक डा. अधिकारीका अनुसार अस्पतालमा आएकामध्ये एक हजार ६०० बिरामीको मुटुको शल्यक्रिया गरिन्छ । त्यस्तै एक वर्षमा हृदयघात भएर एक हजार ८०० मानिस उपचारका लागि आउने गरेका उनले जानकारी दिए । *रासस*

## सरकार र राहत शिक्षकबीच सहमति

**काठमाडौं (प्रस)–** सरकार र आन्दोलनरत संयुक्त राहत शिक्षक संयुक्त आन्दोलन परिचालन समितिबीच सहमति भएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको उपस्थितिमा नेपाल शिक्षक महासंघका अध्यक्ष कमला तुलाधर र राहत शिक्षक संघर्ष समितिका अध्यक्ष खेमराज अधिकारीलगायतसँग शुक्रबार सिंहदरबारमा भएको वार्तापश्चात् सहमति भएको हो । सहमतिपछि आन्दोलन फिर्ता भएको छ ।

सहमतिबमोजिम प्रतिनिधिसभामा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा कार्यरत राहत शिक्षकलाई स्थायी परीक्षाका लागि उमेर हद नलाग्ने, सतप्रतिशत आन्तरिक प्रतिस्पर्धा गर्न र सेवा अवधि पनि सतप्रतिशत जोड्न संशोधन प्रस्ताव गर्ने उल्लेख छ । यसैगरी साविक उच्च माविका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा र बाल विकासका शिक्षकलाई दरबन्दीका कायम गर्ने पनि सहमति भएको छ ।

यही असोज ५ गते भएको महासंघसँगको सहमतिमा असन्तुष्ट भई समितिले लगातार सडक आन्दोलन गरेको थियो । सो दिनको सहमतिमा ७५ प्रतिशत राहत शिक्षकलाई आन्तरिक प्रतिस्पर्धामा समावेश गराउने जनाइएको थियो भने विधेयकमा ५० प्रतिशत प्रस्ताव गरिएको छ ।


चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

ठेक्का स्वीकृतीको आशयको सूचना

प्रकाशित मितिः २०८०/०६/१३

प्रस्तुत बिषयमा मिति २०८०/०५/१२ गते यस कार्यालयवाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका वोलपत्रहरूको वोलपत्र मूल्यांकन समितिबाट तपसिल बमोजिम बोलपत्र न्यूनतम मूल्यांकनको आधारमा सारभुत रूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रूपमा प्रभाबग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ NCB/01/080/081 | Supply, Delivery of Medicine & Surgical for Chaurjahari Municipality, Rukum (West) | Chirag Pharmacy Pvt.Ltd. Pokhara, Nepal | 18,55,553.80 NPR |

नि प्रमुख प्रशासकीय अधिकृत
चौरजहारी नगरपालिका



नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
रत्ननगर-०१, टाँडी, चितवन, नेपाल, फोन नं.०५६-५६१२५८, ५६०६०८
Email ID: info@ndbl.com.np, Website: www.ndbl.com.np

संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरूलाई जरूरी सूचना !

दोस्रो पटक प्रकाशित मिति २०८०/०६/१३

यस कम्पनीका केहि संस्थापक शेयरधनीहरूले आफ्नो नाममा रहेको १,८८,९९९ कित्ता संस्थापक शेयरहरू बिक्री गर्ने ईच्छा राखी बैंकमा निवेदन दिनुभएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरी लिन ईच्छुक यस कम्पनिका संस्थापक शेयरधनिहरूलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था बमोजिम यो सूचना प्रकाशित गरिएकोमा कसैको हकदावी पर्न नआएकोले कुनै संस्थापक शेयरधनी महानुभाव तथा अन्य व्यक्ति तथा संस्थाहरूलाई कम्पनीको माथि उल्लेखित संस्थापक शेयर खरिद गरी लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी कम्पनीको केन्द्रिय कार्यालय, रत्ननगर-०१, टाँडी, चितवनमा आफूले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।



मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUAN PRESS SDN. BHD
पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No. 276691 चलानी नं. ६०१९२९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENRAL WORKER | 11 | 0 | 1500 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EAZA FORCE (M) SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०६/१० LT. No. 292405 चलानी नं. ६०२०८३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 145 | 0 | 1500 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT. LTD
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी :UNITED INTERNATIONAL GROUP-MANPOWER RECRUITMENT DIVISION LLC
पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No. 293160 चलानी नं. ६०२०८४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer Assistant | 20 | 0 | 1000 | ३६२१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason Assistant | 30 | 0 | 1000 | ३६२१३ | | | | | | | |
| 3 | Carpenter | 25 | 0 | 1200 | ४३४५६ | | | | | | | |
| 4 | Construction Carpenter | 25 | 0 | 1200 | ४३४५६ | | | | | | | |
| 5 | CONSTRUCTION CARPENTER ASSISTANT | 50 | 0 | 1000 | ३६२१३ | | | | | | | |
| 6 | Reinforcing Fitter Assistant | 50 | 0 | 1000 | ३६२१३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASIA LINK SERVICES PVT. LTD.
श्रम ईजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATURAL PULP PACKAGING INDUSTRIES (M) SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०२/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No. 287047 चलानी नं. ६०२०२३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 6 | 4 | 1500 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ताः रु.२,००२/- कामदार आफैले
सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.And S.Human Resource Pvt. Ltd.
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

# आइएसबिएन नम्बर वितरणमा अनियमितता !

**काठमाडौं–** कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयअर्न्तगतको केन्द्रीय पुस्तकालयमा अन्तर्राष्ट्रियस्तरको पुस्तक नम्बर (आइएसबिएन) मा अहिलेसम्म करिब ६० हजार पुस्तक दर्ता भएका छन् । तीमध्ये पुस्तकालयमा २७ हजार पुस्तकमात्रै प्राप्त भएको जनाइएको छ । नेपालबाट प्रकाशित हुने पुस्तकलाई अन्तर्राष्ट्रिय बजारमा लैजानका लागि सो आइएसबिएन नम्बर अनिवार्यरूपमा लिनुपर्ने हुन्छ ।

पुस्तक प्रकाशकले सो आइएसबिएन प्राप्त गरेपछि पुस्तकलाई विश्वबजारमा किनबेच गर्न सकिन्छ । आइएसबिएनको व्यवस्थाले नेपालबाट के कति पुस्तक प्रकाशित भए भनेर अभिलेख राख्नसमेत सहज हुने केन्द्रीय पुस्तकालयका निमित्त प्रमुख सागर्राज सुवेदी बताउँछन् ।

सन् २००० मा नेपालले यसको सदस्यता प्राप्त गरेको थियो भने २०५६ माघ २२ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आइएसबिएनको शुभारम्भ गरेका थिए । त्यतिबेला इन्टरनेसनल स्टचान्डर्ड बुक नम्बरको केन्द्रीय कार्यालय जर्मनीमा रहेकामा हाल बेलायतको लण्डनमा रहेको छ । सो कार्यालयले आइएसबिएन वितरणको जिम्मा नेपालमा भने त्रिवि केन्द्रीय पुस्तकालयलाई प्रदान गरेको छ ।

पुस्तकहरूलाई प्रदान गरिने अन्तर्राष्ट्रिय मानक पहिचान निःशुल्क नै दिने सो कार्यालयको प्रावधान रहे पनि नेपालमा भने शुल्क लिने गरिएको र त्यसबापत जम्मा हुने रकमको सदुपयोग नभएको नेपाल पुस्तक संघले दाबी गरेको छ । यसमा छानबिन गरी आइएसबिएनबापत उठाइने रकमको नियमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, त्रिवि उपकुलपतिको कार्यालय, केन्द्रीय पुस्तकालयलगायत विभिन्न निकायसमक्ष ज्ञापनपत्र बुझाएको छ । यसरी लिने गरिएको रकमको कुनै अभिलेख नभएको र अमुक संस्थासँग मिली भागबण्डाका रूपमा प्रयोग गर्ने गरिएको ज्ञापनपत्रमा उल्लेख छ । केन्द्रीय पुस्तकालयले सुरुमा २५ रूपैयाँबाट सुरु भएर हाल ३०० रूपैयाँ लिने गरेको छ ।

पुस्तकलाई दिइने यस्तो नम्बर विश्वव्यापीरूपमा मेसिनद्वारा पुस्तक पहिचान गरी प्रयोग गर्ने उद्देश्यले बनाइएको हो, तर व्यवहारमा भने त्यसो भएको पाइएको छैन । नेपाली प्रकाशक तथा लेखकहरूलाई निःशुल्क दिनुपर्ने उक्त आइएसबिएनबापत रकम लिएर गर्ने गरेको भए पनि उपयुक्त ढंगबाट त्यसको दर्ता भएको पाइएको छैन । क्रमांक नम्बर वितरण पद्धतिलाई सूचना प्रविधिको माध्यमबाट व्यवस्थित नगरी झारा टार्ने काममात्र गरिनुले सम्पूर्ण नेपाली प्रकाशक तथा लेखकहरूमाथि अन्याय भएको संघका महासचिव महेन्द्र सिवाकोटीले बताए ।

नेपाली नागरिकले बुझाएको रकम सरकारी कोषमा दाखिला हुनुपर्नेमा त्यसो नगरी भागबण्डामा दुरूपयोग भएको हुँदा यसको तत्काल निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही हुनुपर्ने, त्यसो नभएमा अदालतमार्फत कानुनी उपचार खोजिने उनको भनाइ छ ।

हालसम्म उक्त क्रमांकबापत उठेको लगभग एक करोड साठी लाख रूपैयाँबाट प्रकाशक र लेखकहरूबाट उपलब्ध गराएका पुस्तकहरूको छुट्टै पुस्तकालय स्थापना गर्नुपर्ने र त्यसका लागि आवश्यक भौतिक संरचना र सामग्री किन्ने भनिए पनि हालसम्म त्यस्तो कुनै पनि काम भएको संघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यता पुस्तकालयका निमित्त प्रमुख सुवेदीले भने आइएसबिएनबापत उठेको रकममा कुनै हिनामिना नभएको, पारदर्शी ढंगबाट हिसाब राखिएको र निश्चित प्रक्रियाअनुसार नै खर्च हुने हुँदा अनियमित नभएको बताए । *रासस*

# गोठमा परिणत भयो बर्थिङ सेन्टर

महोत्तरी (प्रस)- महोत्तरीको जलेश्वर नगरपालिका-१२ स्थित नैन्ही स्वास्थ्यचौको बर्थिङ सेन्टर गोठमा परिणत भएको छ । तीन महिनाअघि असार ३ गतेदेखि सञ्चालनमा आएको बर्थिङ सेन्टरमा स्थानीयले गाई, भैंसी, बाख्रा लगायतका वस्तुभाउ बाँध्न थालेको बर्थिङ सेन्टरका निमित्त प्रमुख अवधेश मण्डलले बताए ।

जलेश्वर नगरपालिकाका मेयर सुरेश साह सोनारले बडो धुमधाम र तामझामका साथ उद्घाटन गरेर सञ्चालनमा आएको बर्थिङ सेन्टरमा स्थानीय ११ जनाले अहिलेसम्म प्रसूति गराइसकेको र स्थानीय गर्भवतीले अझै पनि यसै बर्थिङ सेन्टरमा नियमित जाँच गराउँदै आएका छन् ।

तर, खुला चौर र घेराबेराको अभावमा स्थानीयले स्वास्थ्यचौकी तथा बर्थिङ सेन्टरलाई गाईवस्तु बाँध्ने, चरिचरण गराउने स्थानको रूपमा प्रयोग गर्न थालेको निमित्त प्रमुख मण्डलको भनाइ छ । स्थानीयहरूले स्वास्थ्य चौकी नैन्हीको पुरानो भवनमा पनि गाई वस्तुलाई खुवाउने भुस, पराल र खर राखेका छन् । नगरप्रमुख सोनारले स्वास्थ्यचौकी तथा बर्थिङ सेन्टर परिधिभित्र स्थानीयले बाँधेका गाईवस्तु हटाउन र पुरानो भवनमा राखेका भुस, पराल र खरहरू खाली गर्न मान्छे खटाइसकेको बताए । उनले छिट्टै घेराबेराको व्यवस्था मिलाएर स्वास्थ्यचौकी र बर्थिङ सेन्टरलाई व्यवस्थित र सुरक्षित बनाउने प्रतिबद्धता व्यक्त गरे ।

## चेक हराएको सूचना

मिति २०८०/०६/०६ गते तीनकुनेदेखि बसुन्धारासम्म जाँदा मेरो निम्न व्यहोरा भएको **Standard Chartered Bank Nepal** को चेक हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम थर : गोपाल गिरी
एकाउन्ट नं: NPR 18-3561712-01
चेक नं: 0012514713 देखि 0012514718 र 0012514720
सम्पर्क नं: ९८६४५९२३४९
शाखा : ललितपुर शाखा

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १५९ असोज १२ गते २०८० मा प्रकाशित Varsha Manpower Pvt. Ltd. को Lot No. 293067 को Juken Technology Engineering Sdn Bhd कम्पनीको विज्ञापनमा **नमस्ते जनप्रिय थकाली भान्सा घर, नागढुंगाको अन्तरवार्ता मिति: २०८० असोज २२, २३ र २४ गते** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको जानकारी गराइन्छ ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०५८/०१/११ मा दर्ता भएको प्रा.लि. नं. १५४९९ **अपार इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको लागि यो सूचना सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Midong Engineering & Construction Co.Ltd
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT No.293286 | चलानी नं. ६०२०४०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 12 | 0 | 1350 | ४७,८१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम इजाजत नं. ५५९/०६२/०६३ | Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIYADH AL-DANA TRADING AND CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 259953 | चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Carpenter | 3 | 0 | 1200 | ४२,५०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Drivers | 1 | 0 | 1800 | ६३,७५० | | | | | | | |
| 3 | Mellisa | 1 | 0 | 1200 | ४२,५०० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क: १०,०००

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 277497 | चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 39 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Hassan Hadi Abdullah Asiri Café to serve drinks
पूर्व स्वीकृति मिति २०७९/०६/१२ | LT. No. 293273 | चलानी नं. ६०२०८३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३५,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AL FALAK MANPOWER SERVICE COMPANY
पूर्व स्वीकृति मिति २०७९/०६/१२ | LT. No. 293274 | चलानी नं. ६०२०८४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1100 | ३८,९५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABSHIR FOR SECURITY SYSTEMS AND APPLIANCES & ITS INSTALLATION AND MAINTENANCE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT No. 293181 | चलानी नं. ६०२०८३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 3 | 100 | ४२,९९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 150 | ६४,४९० | | | | | | | |
| 3 | Secretary | 0 | 1 | 150 | ६४,४९० | | | | | | | |

कम्पनी : KUPON CENTRAL MARKET FOR FOODSTUFFS AND NON FOODSTUFFS COMPANY
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT No. 293182 | चलानी नं. ६०२०८३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 10 | 10 | 150 | ६४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LAMODA CARE BEAUTY SALON COMPANY FOR LADIES
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT No. 293195 | चलानी नं. ६०२०८३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 10 | 150 | ६४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMPRESS SHAHRABAN RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT No. 293196 | चलानी नं. ६०२०८३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 5 | 10 | 120 | ६४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AKASIYA HOTEL
पूर्व स्वीकृति मिति २०७९/११/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 282657 | चलानी नं. ६०१९८०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Presser Gen | 1 | 0 | 2100 | ७५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 3 | Marketing Represent | 1 | 0 | 2500 | ८९,८१५ | | | | | | | |
| 4 | Gril Chick Maker | 1 | 0 | 1800 | ६४,६६५ | | | | | | | |
| 5 | Confectioner | 1 | 1 | 2100 | ७५,४४५ | | | | | | | |
| 6 | Waiter | 7 | 0 | 1800 | ६४,६६५ | | | | | | | |
| 7 | Gen Clean Worker | 6 | 0 | 1000 | ३५,९२५ | | | | | | | |
| 8 | Messenger | 4 | 0 | 1200 | ७५,४४५ | | | | | | | |
| 9 | Customer Service | 3 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 10 | Reservation Office | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 11 | Services Employee | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 12 | Labourer | 7 | 0 | 1000 | ३५,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAPPY LIFE TRAD. & CONT. & CLEANING W.L.L
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No.293194 | चलानी नं. ६०२०८३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 16 | 0 | 1200 | ४४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Maker | 4 | 0 | 1200 | ४४,०५५ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1400 | ५१,४०० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ९१,७८५ | | | | | | | |
| 5 | Carpenter | 1 | 0 | 1200 | ४४,०५५ | | | | | | | |
| 6 | Labourer | 1 | 0 | 1000 | ३६,७१५ | | | | | | | |
| 7 | Safety Supervisor | 1 | 0 | 2500 | ९१,७८५ | | | | | | | |
| 8 | Gen Clean Worker | 1 | 0 | 1000 | ३६,७१५ | | | | | | | |
| 9 | Painter | 1 | 0 | 1200 | ४४,०५५ | | | | | | | |

कम्पनी : QUICK STORE SHOP TRADING
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No.293249 | चलानी नं. ६०२०८३७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | labourer | 2 | 0 | 1000 | ३६,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | gen clean worker | 5 | 0 | 1000 | ३६,७०० | | | | | | | |
| 3 | cashier | 3 | 0 | 1300 | ४७,७१० | | | | | | | |

कम्पनी : ARAB HOSPITALITY AND CLEANING OFFICE
पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No.293157 | चलानी नं. ६०२०८३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ४७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAIT AL HAZAL INDUSTRIAL FACTORY
पूर्व स्वीकृति मिति : २०८०/०६/०९ | LT. No. 293079 | चलानी नं.:६०२०८३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 1 | 0 | 1000 | ३५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAN GROUP
पूर्व स्वीकृति मिति : २०७८/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 251254 | चलानी नं.:६०२०८३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 14 | 0 | 1000 | ३५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH
पूर्व स्वीकृति मिति : २०७८/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 258720 | चलानी नं.:६०२०८३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 29 | 0 | 1000 | ३५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २१ गते (8th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

# साहसिक पर्यटन प्रवर्द्धनमा जुटेका आरडी, मदन र अर्जुन



आरडी, मदन र अर्जुनको आगामी लक्ष्य विश्वको सर्वोच्च शिखर सगरमाथा चुम्ने रहेको छ । यही अठोट लिएर उनीहरु अगाडि बढेका छन् । उनीहरूकै भनाइमा पाल्दोर आरोहण एउटा अभियानमात्र थियो । अफसिजनको समयमा हिमाल आरोहण गर्नु भनेको एडभेञ्चरको कुनै सीमा हुँदैन भनेर बुझाउनु थियो । यसमा उनीहरु सफल भएका छन् । तीन साहसिक आरोहीको यो प्रयास र सफलता एडभेञ्चर मनपराउनेहरूका लागि प्रेरणादायी बन्ने निश्चित छ ।



'अफसिजन'मा गरेको पाल्दोर आरोहणले विभिन्न मिथकहरूलाई तोड्न सफल भएका छौं । यो आरोहण वर्षभरि नै नेपालमा हिमाल आरोहण गर्न सम्भव छ है भनेर संसारलाई देखाउनका लागि पनि थियो ।

**आरडी तामाङ**



त्यो प्रकृतिसँग जति लडाइँ थियो, त्यति नै हामी आफैंसँगको लडाइँ थियो । पहाडले हामीलाई संघर्ष गर्न सिकायो, हाम्रा कमजोरीहरु देखायो र बदलामा हामीले हाम्रा सबै शक्तिका साथ पाल्दोरको शिखर चुम्न सफल भयौं ।

**मदन मगर**



पाल्दोरको शिखरमा उभिरहँदा सपनाको क्यान्भासमा देखेजस्तै सूर्यले पहाडलाई चुम्बन गरेझैं सारा संसार सुनको रङमा रंगिएको पाएँ । हिउँको टहक आँखै अगाडि चाँदीझैं टल्किरहेको थियो । खुसीको सीमा नै रहेन ।

**अर्जुन तामाङ**

**▸▸ दिपा सुनुवार/सम्झना राई**

*'जीवन या त एक महान साहसिक कार्य हो वा केही पनि होइन ।'*

प्रसिद्ध अमेरिकी लेखक हेलेन एडम्स केलरको भनाइ हो यो । एडभेञ्चर (साहसिक कार्य) मन पराउनेहरूमाझ उनको यो भनाइ निकै लोकप्रिय छ । यसलाई मनन् गर्दै धेरैले एडभेञ्चरमा आफ्नो जीवन समर्पित गरेका छन् । युवा पुस्ताका आरडी (रक्षराज) तामाङ, मदन मगर र अर्जुन तामाङ यसैगरी अघि बढेका छन् । नेपालमा साहसिक पर्यटन प्रवर्द्धन गर्न लागिपरेका यी तीन युवा । यसलाई उनीहरूले अभियानकै रूपमा अगाडि बढाएका छन् । यही क्रममा उनीहरूले यसै वर्ष 'अफसिजन'मा हिमाल आरोहण गर्ने साहसिक कार्य रोजे । जसमा उनीहरू सफल पनि भए । जबकि, अफसिजनमा हिमाल आरोहण गर्नु जोखिमपूर्ण मानिन्छ । त्यो जोखिम मोल्ने आँट उनीहरूले गरे ।

काभ्रेका आरडी, पाँचथरका मदन र नुवाकोटका अर्जुन लामो समयदेखि यसै क्षेत्रमा क्रियाशील छन् । एडभेञ्चरलाई नै उनीहरूले पेसा बनाएका छन् । गत साउन (अगस्ट)मा लाङटाङ क्षेत्रमा पर्ने पाल्दोर हिमालको तीनै जनाले एकसाथ आरोहण गरेका हुन् । पाल्दोरको उचाइ समुद्र सतहदेखि पाँच हजार ८६६ मिटर (१९ हजार ३४३ फिट) रहेको छ । खासमा हिमाल आरोहण गर्ने उपयुक्त समय फागुन अन्तिम सातादेखि जेठ पहिलो हप्तासम्म (मार्च, अप्रिल, मे) र असोजदेखि मंसिरसम्म (सेप्टेम्बर, अक्टोबर र नोभेम्बर) लाई मानिन्छ ।

एकै पृष्ठभूमिबाट आएका उनीहरू विगत एक दशकदेखि यही पेसामा रमाइरहेका छन् । मदन र अर्जुन र्‍याफ्टिङ, कायाकिङ र ट्रेकिङ गाइड हुन् । आरडी भने माउटेन/ट्रेकिङ गाइडको रूपमा पर्यटन क्षेत्रमा क्रियाशील छन् । उनले आफ्नै ट्रेकिङ कम्पनी चलाइरहेका छन् । लामो समयदेखि एडभेञ्चरमा आबद्ध भए पनि मदन र अर्जुनको भने यो पहिलो हिमाल आरोहण हो । मदन पाँचथरको तुम्बेवा गाउँपालिकाबाट हिमाल आरोहण गर्ने सम्भवतः पहिलो व्यक्ति बनेका छन् । यस आरोहणसँगै उनले तुम्बेवाको इतिहासमा आफ्नो नाम लेखाएका छन् ।

यस्तै अर्जुनले पनि पाल्दोरको आरोहणसँगै आफ्नो बायोडेटामा नयाँ उपलब्धि थपेका छन् । आरडीले भने यसअघि आइल्याण्डपिक, आमाडब्लम, हिम्लुङलगायत हिमाल आरोहण गरिसकेका छन् । पाल्दोरको आरोहणले भविष्यमा थप शिखर चुम्ने मनोबल उच्च पारिदिएको बताउँछन्, मदन र अर्जुन । अफसिजनमा आरोहण गर्नु आफैंमा चुनौतीपूर्ण कार्य भएको उनीहरू बताउँछन् ।

हिमाल आरोहण गर्न मौसमले पनि साथ दिनुपर्छ । अफसिजनमा गरेको पाल्दोर आरोहणले विभिन्न मिथकहरूलाई तोड्न सफल भएको आरडी बताउँछन् । 'यो आरोहण वर्षभरि नै नेपालमा हिमाल आरोहण गर्न सम्भव छ है भनेर संसारलाई देखाउनका लागि पनि थियो,' उनले भने ।

नेपालमा हिमाल आरोहणका लागि दुई सिजन खुला गरिन्छ । तर, वषैभरि खुला गर्न सकिए पर्यटन क्षेत्र अझ फराकिलो बन्न उनीहरूको विश्वास छ ।

एडभेञ्चरको क्षेत्रमा मदन र अर्जुनको यात्रा नदीको छलाङबाट सुरु भयो । उनीहरूले एक दशकदेखि हिमाल, पहाड, खोला, नदीमार्फत कयौं यात्रुहरूलाई मार्गदर्शन गरेका छन् । एक अनुभवी ट्रेकर, पर्यटक गाइडको रूपमा नेपालका पूर्वदेखि पश्चिमका जलमार्गहरूलाई अँगादै तल्लो सेती, भोटेकोशी, सुनकोशी, तमोर, त्रिशूलीजस्ता नदीहरूमा कयौंपटक र्‍याफ्टिङ गरिसकेका छन् । ट्रेकिङ गाइडको रूपमा सगरमाथा, लाङटाङ, अन्नपूर्ण, अपर मुस्ताङलगायत क्षेत्रमा कैयौंपटक पाइला टेकेका छन् ।

प्रकृतिसँग जोडिएका ती नदी, खोला, पहाड र भीरहरूमा भिजिरहँदा आफूलाई रोमाञ्चक महसुस हने बताउँछन् अर्जुन । प्रकृतिका धुनहरूसँग मोहित हुँदै हुर्किएका उनीहरूले बाल्यकालदेखि नै प्रकृतिकसँग नजिक हुने मौका पाएका थिए । उनीहरू कहिले खोलामा डुंगा लिएर त कहिले जंगलमा साइकलिङ त कहिले भीर पहरामा क्यानोइङ गर्न पुगिरहन्छन् । यी हरेक एडभेञ्चरले मनमा छुट्टाछुट्टै आनन्द दिने गर्छ । र्‍याफ्टिङ गाइडको रूपमा काम गर्दा मानिस र नदीबीचको सुन्दर नृत्य महसुस भएजस्तै क्यानोइङको रोमाञ्चकता, झरनाहरूबाट बगेको पानीसँगै ओर्लिंदा थाहा हुने अनुभव सुनाउँछन् मदन । यसरी नै प्रकृतिको सौन्दर्य उनीहरूको जीवनको आड बन्यो । 'तर, पानीको नित्य र झरनाको अँगालोको लोभ बीचमा मात्र मनलाई सीमित राख्न सकिएन, त्यसैले हिमाल आरोहण गर्ने निर्णय लियौं,' उनले भने ।

पहाडका मनमोहक ट्रेलहरू, जीवनसँग नाच्ने भू-भागमा साइकल चलाउने र स्वर्ग छुने चुचुराहरूमार्फत पर्यटकलाई मार्गदर्शन गर्ने आरडीको जीवन एडभेञ्चरका रंगहरूले रंगिएको क्यानभासजस्तै छ । न्यानोपनले भरिएको हृदय र उत्साहले भरिएको आत्माका साथ उनी नेपालका भव्य चुचुराहरूको भूलभूलैयाबाट असंख्या यात्रुहरूलाई डोऱ्याउने मार्गदर्शक बनेका छन् । विदेशी पाहुनालाई मार्गनिर्देश गर्न पाउनु पेसाभन्दा बढी उपहार मान्छन् । प्रत्येक यात्रासँगै हिमालसँग आरडीको सम्बन्ध गहिरिँदै गएको छ । प्रकृतिसँग आफ्नो सम्बन्ध क्षणिक रोमान्स मात्र नभई जीवनभरको प्रतिबद्धता भएको उनी बताउँछन् । उनी पहाडको हावामा सास फेर्दै शिखरको चुचुरोमा उभिँदा अन्तररंगमा डुब्ने गरेको बताउँछन् ।

'पहाडको जोन' र राष्ट्रिय निकुञ्जका पिता भनेर चिनिने अमेरिकी प्रकृतिविद् एवं लेखक जोन मुइरको भनाइ- 'पहाडहरू बोलाउँदै छन्, त्यसैले म जानुपर्छ' भनेजस्तै मदन र अर्जुनलाई पनि पहाडले बोलाएझैं आभाष हुने बताउँछन् । पानीमा रमाइरहेका उनीहरूलाई हिमालको सुन्दरताले लोभ्याउन थाल्यो । 'नेपालको सुन्दर हिमालहरूमा उभिने चाहनासँगै पाल्दोर हिमालमा नजर रोकियो,' मदनले भने, 'जब पानीले रमाइलो दिन्छ, पहाडहरूले प्रेरणा । मलाई थाहा थियो कि मैले साँच्चै जीवित महसुस गर्न दुवैलाई अँगाल्नुपर्छ ।'

त्यसपछि उनीहरूले हिमाल आरोहणको कठिन यात्रा सुरु गर्ने निर्णय गरे । हरेक साहसिक कार्य गर्नु आफैंमा एक यात्रा हो । शान्त मुस्कानकासाथ आरडी भन्छन्, 'म आफ्नो खुट्टामुनिको पृथ्वी र टाउकोमाथि आकाश महसुस गर्न चाहन्थें, जुन र्‍याफटिङ, कायाकिङ वा अन्य कुनै प्रयासले पूरा गर्न सक्दैन । पहाडहरूमा मौनता छ र म त्यो मौनतालाई नजिकबाट नियाल्न चाहन्थें ।'

उनीहरूका लागि पाल्दोरसम्मको यात्रा परीक्षाविहीन भने थिएन । बदलिरहने मौसम र कठिन भूभागले गन्तव्यसम्म पुग्न उनीहरूको यात्रामा परीक्षण लिइरहचो । पाल्दोर हिमालमाथिको कष्टप्रद यात्रा सफल पार्न उनीहरूले पसिना, आँसु र थकान सबैलाई बिर्सनुपऱ्यो । प्रकृतिको लयलाई अँगालो कस्दै जोशका साथ विपद्को सामना गर्दै पाइला अघि बढाइरहे । 'त्यो प्रकृतिसँग जति लडाइँ थियो, त्यति नै हामी आफैंसँगको लडाइँ थियो,' मदनले भने, 'पहाडले हामीलाई संघर्ष गर्न सिकायो, हाम्रा कमजोरीहरू देखायो र बदलामा हामीले हाम्रा सबै शक्तिका साथ लक्ष्यतर्फ पाइला चालिरहचौं ।'

शारीरिक पीडाको सहनशीलतामात्र नभई मानसिक शक्तिलाई पनि चुनौती लिने अभियानमा लागेका आरडी, मदन र अर्जुनले अन्ततः पाँच हजार ८९६ मिटर उचाइमा रहेको पाल्दोर पर्वत तीन दिनको कठिन यात्रापछि चुम्न सफल भए । मन हर्षले भरियो । पाल्दोरको शिखरमा उभिरहँदा सपनाको क्यान्भासमा देखेजस्तै सूर्यले पहाडलाई चुम्बन गरेझैं सारा संसार सुनको रङमा रंगिएको पाए । 'हिउँको टहक आँखै अगाडि चाँदीझैं टल्किरहेको पाएँ । म खुसीले गदगद भएँ,' अर्जुनले सुनाए ।

त्यो एउटा सपनाजस्तै थियो मदनका लागि । समय स्थिर रहेको अनौठो पल, मदनको आवाज काँप्छ जब उसले त्यो क्षण सम्झन्छ । 'जब तपाईं पहाडको चुचुरोमा उभिनुहुन्छ, तपाईं चट्टान र हिउँलाई मात्र छुनुभएको हुँदैन, तपाईंले अनन्तकाललाई छुनुभएको हुन्छ,' उनले भने ।

'हामी नेपालको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न चाहन्थ्यौं, एडभेञ्चर हुनलाई कुनै मौसम बाधा हुँदैन भनेर देखाउन चाहन्थ्यौं त्यसैंले अफसिजनको समय रोजेका हौं,' आरडीले भने, 'एडभेञ्चर मेरो जीवनरेखा हो, साँच्चै जीवित रहने मेरो तरिका हो ।' अफसिजनको समयामा चुनौती मोलेर पाल्दोरको शिखर चुमेसँगै एडभेञ्चरको अर्को कृति उनीहरूको नयाँ क्यान्भासमा थपिएको छ । पाल्दोरसम्मको यात्रा जीवनको एक सुन्दर अध्याय बनेको उनीहरू बताउँछन् ।

'प्रकृति हाम्रो सबैभन्दा ठूलो उपहार हो, र एडभेञ्चर हाम्रो सञ्चारको माध्यम । प्रकृतिको



नजिक हुनु भनेको जीवनको सारको नजिक हुनु हो । प्रकृतिलाई बेवास्ता गर्नु भनेको जीवनको पूर्णतालाई इन्कार गर्नु हो । र, एडभेञ्चर भनेको त्यो सुन्दरतासँग जोड्ने पुल हो,' आरडी व्याख्या गर्छन् ।

पर्यटकलाई लिएर हिमाली क्षेत्रमा गाइड गरिहँदा उनीहरूलाई हिमालमात्र देखाउने भन्दा पनि नेपालको सुन्दरता देखाउँदै छु भन्ने आभाष हुने बताउँछन्, अर्जुन । ती चुचुराहरूमा उभिएर पर्यटकलाई हिमाल देखाउन पाउनुमा गर्व गर्छन् उनी । प्रकृतिको यो उपहार (नेपालका हिमाल र प्रकृति) संसारसँग बाँड्न चाहन्छन् उनी । पाल्दोरको सफल आरोहणले उनीहरूको भविष्यमा थप शिखरको आरोहण गर्ने ढोका खोलिदिएको छ । उनीहरू तीनैजना आफ्नो देश, आफ्नो ठाउँ एडभेञ्चरको क्षेत्रमा फस्टाएको हेर्न चाहन्छन् । नेपालको भू-दृश्यको सौन्दर्य र सभ्यतालाई देखाएर प्रकृतिसँग गहिरो सम्बन्ध गाँस्न अरुलाई पनि प्रेरित गर्न पाउँदा सुखद् अनुभूति हुने उनीहरू बताउँछन् ।

आरडी, मदन र अर्जुनको आगामी लक्ष्य विश्वको सर्वोच्च शिखर सगरमाथा चुम्ने रहेको छ । यही अठोट लिएर उनीहरू अगाडि बढेका छन् । उनीहरूकै भनाइमा पाल्दोर आरोहण एउटा अभियानमात्र थियो । अफसिजनको समयमा हिमाल आरोहण गर्नु भनेको एडभेञ्चरको कुनै सीमा हुँदैन भनेर बुझाउनु थियो । यसमा उनीहरू सफल भएका छन् । तीन साहसिक आरोहीको यो प्रयास र सफलता एडभेञ्चर मनपराउनेहरूका लागि प्रेरणादायी बन्ने निश्चित छ ।

# डेंगी संक्रमण बढेपछि 'खोज र नष्ट गर' अभियान



**दमौली (तनहुँ)–** तनहुँको सदरमुकाम दमौलीमा डेंगी संक्रमण बढेपछि 'खोज र नष्ट गर' अभियान सुरु गरिएको छ । डेंगीबाट दमौली बजार क्षेत्रका वडाका सर्वसाधारण संक्रमित भएपछि जिल्ला प्रशासन कार्यालयको संयोजनमा बिहीबारदेखि उक्त अभियान सुरु भएको हो ।

जनप्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी, स्वास्थ्य स्वयंसेविका, टोल विकास संस्थालगायतको संयुक्त सहभागितामा अभियान सञ्चालन गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख शंकरबाबु अधिकारीले जानकारी दिए। उनका अनुसार सहभागीलाई दुई समूहमा विभाजन गरी व्यास नगरपालिका-२ र व्यास नगरपालिका-३ मा अभियान सञ्चालन गरिएको छ । सहभागीहरूले लामखुट्टेले फूल पार्नसक्ने सम्भावित स्थानको खोजी गर्ने र बासस्थान नष्ट गर्ने अधिकारीले बताए ।

यस अभियानअन्तर्गत विभिन्न चेतनामूलक सन्देश प्रवाह गर्ने, प्रभावित क्षेत्रका नागरिकलाई लामखुट्टेको टोकाइबाट जोगिने उपायका बारेमा सजग गराइने प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले बताए । स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीका अनुसार जिल्लाभर एक हजार ९९४ जनामा डेंगी संक्रमण भएकामा व्यास नगरपालिकामा मात्रै एक हजार ६९० संक्रमित छन् । नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीका अनुसार व्यास-२, ३ र ४ मा बढी संक्रमण भएका छन् ।

### कार्यदल गठन

दमौलीमा सञ्चालित निजी स्वास्थ्य संस्थाले डेंगी परीक्षणमा चर्को शुल्क लिने गरेको गुनासोपछि जिल्ला प्रशासन कार्यालय तनहुँले कार्यदल गठन गरेको छ । कतिपय स्वास्थ्य संस्थाले डेंगी परीक्षणमा चर्को शुल्क लिएको गुनासो आएपछि प्रशासन कार्यालयले सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेको संयोजकत्वमा कार्यदल गठन गरेको हो ।

कार्यदलमा दमौली अस्पतालका प्रमुख डा. परिवर्तन बराल, स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारी र व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोती सदस्य छन् । उक्त कार्यदलले नियमित एवं आवश्यकताबमोजिम अनुगमन गरी सुधारात्मक कार्य गर्ने प्रजिअ रिजालले जानकारी दिए ।

'डेंगीको प्रकोप बढिरहेको अवस्थामा निजी स्वास्थ्य संस्थाबाटसमेत परीक्षण तथा उपचारसम्बन्धी कार्य भइरहेका छन्,' उनले भने, 'परीक्षण तथा उपचार गर्दा व्यावसायिक नैतिकताको पालना नगरेको भनी कतिपय संस्थाविरुद्ध गुनासो आएकाले एकरूपता कायम गराउन कार्यदल गठन गरिएको हो ।' प्रशासन कार्यालयले निजी स्वास्थ्य संस्थामा डेंगी परीक्षण गर्दा बढीमा ६०० रूपैयाँ शुल्क लिन पाउने निर्णय गरेको प्रजिअ रिजालले बताए । *रासस*

# डडेलधुरा मेडिकल कलेजमा यसै वर्षदेखि पढाइ

**दोधारा चाँदनी (प्रस)–** सरकारले घोषणा गरेको डडेलधुरा मेडिकल कलेजले बिएमएलटी (ब्याचलर्स इन मेडिकल ल्याब टेक्लोलोजी) सञ्चालनको अनुमति पाएको छ। सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति अम्मराज जोशीले विश्वविद्यालयले चिकित्सा शिक्षा आयोगबाट बिएमएलटी सञ्चालनको अनुमति पाएको जानकारी दिए ।

'अनुमति प्राप्त भइसकेको छ । यसै शैक्षिक सत्रदेखि विद्यार्थी भर्ना गर्ने गरी तयारी गरिरहेका छौं,' उपकुलपति जोशीले भने, 'विश्वविद्यालयले उपप्राध्यापक र सहप्राध्यापक माग गरिसकेको छ ।'

उनले अहिले डडेलधुरा अस्पतालमा १०० शयया सञ्चालनमा रहेको र त्यसलाई थप गरेर सुरुआतमा ३०० शययाको अस्पताल सञ्चालन गर्ने गरी तयारी गरिरहेको बताए । मेडिकल कलेज सञ्चालनका लागि सुदूरपश्चिम विश्वविद्यालयको नाममा डडेलधुराको तुफानडाँडास्थित ८४ रोपनी जग्गा प्राप्त भइसकेको छ ।

त्यसैगरी डडेलधुरा क्षेत्रीय अस्पतालको नाममा २३४ रोपनी जग्गा छ । सुदूरपश्चिम विश्वविद्यालयले डडेलधुरामा डीनको कार्यालय स्थापना गरेर कलेज निर्माणको प्रक्रिया अघि बढाएको हो । अहिले प्रशासनिक भवन निर्माण, छात्रवासलगायतका संरचना निर्माणका लागि डिपिआर निर्माणको काम भइरहेको विश्वविद्यालयका उपकुलपति अम्मराज जोशीको भनाइ छ ।

सरकारले डडेलधुरा अस्पताललाई सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा सञ्चालन गर्ने निर्णय गरिसकेको छ। 'डडेलधुरामा मेडिकल कलेज सञ्चालनमा आए सुदूरपश्चिम प्रदेश क्षेत्रका विद्यार्थीलाई चिकित्सा शिक्षामा पहुँच विस्तार हुनेछ भने प्रदेशभरी विशेषज्ञ उपचार सेवामा पहुँच पुग्नेछ,' उपकुलपति जोशीले भने, 'विशेषगरी सुदूरपश्चिमको पहाडी जिल्लाका नागरिकले छिटोछरितो स्वास्थ्य सेवा पाउनेछन् ।'

मेडिकल कलेजका लागि स्वास्थ्य तथा जनसंख्या, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सुदूरपश्चिम विश्वविद्यालयबीच त्रिपक्षीय सम्झौता भइसकेको उपकुलपति जोशीले बताए । विश्वविद्यालयले एमबिबिएस सञ्चालनका लागि समेत रणनिति बनाएर तयारी गरिरहेको जनाएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIBERTIE PIPE FACTORY AND ACCESSORIE

पूर्व स्वीकृति मिति २०८०/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No. : 286634 चलानी नं. ६०२०१९९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 13 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAIWELL INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No. 273007 चलानी नं. ६०१९५३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 41 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIVERSIFIED LINES FOR PETROLEUM SERVICES (DLPS)

पूर्व स्वीकृति मिति : २०८०/०४/१४ LT. No. 290111 चलानी नं. ६०२०७८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 10 | 0 | 1000 | ३५,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६३,७५० | | | | | | | |
| 3 | Load Unload Labor | 10 | 0 | 1000 | ३५,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.** श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED PROFESSIONALS TRADING AND CONTRACTING CO. LTD.

पूर्व स्वीकृति मिति २०७९/०५/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT No :271234 चलानी नं. ६०१८६९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer | 1 | 0 | 1300 | ४४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : MAMA JOZA CO FOR SWEETS & PASTRIES

पूर्व स्वीकृति मिति २०८०/०६/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT No :293149 चलानी नं. ६०२०८३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 3 | 0 | 120 | ५१,५९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 4 | 130 | ५५,८९० | | | | | | | |

कम्पनी : DROP RESTAURANT LLC

पूर्व स्वीकृति मिति २०८०/०६/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT No :293145 चलानी नं. ६०२०८३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA (COFFEE MAKER) | 10 | 10 | 130 | ५५,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BURGER CUT RESTAURANT CO.

पूर्व स्वीकृति मिति २०८०/०६/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT No :293146 चलानी नं. ६०२०८३३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 150 | ६४,४९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Drivers | 6 | 0 | 140 | ६०,१९० | | | | | | | |
| 3 | Waitress | 0 | 4 | 140 | ६०,१९० | | | | | | | |

कम्पनी : DUDETTE LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति २०८०/०६/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT No :293148 चलानी नं. ६०२०८३३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 1 | 0 | 130 | ५५,८९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Drivers | 0 | 2 | 140 | ६०,१९० | | | | | | | |
| 3 | Nail Technician | 0 | 2 | 140 | ६०,१९० | | | | | | | |

कम्पनी : LETS SLIDER RESTAURANT CO WLL

पूर्व स्वीकृति मिति २०८०/०६/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT No :293147 चलानी नं. ६०२०८३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 19 | 0 | 150 | ६४,४९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Drivers | 0 | 4 | 140 | ६०,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFNAN DECOR & TRADING

पूर्व स्वीकृति मिति : २०७८/०९/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No. 256042 चलानी नं.६०१७२६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 4 | 0 | 1500 | ४८,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 1200 | ३९,७५५ | | | | | | | |
| 3 | Electric | 1 | 0 | 1200 | ३९,७५५ | | | | | | | |
| 4 | Mason | 3 | 0 | 1200 | ३९,७५५ | | | | | | | |
| 5 | Technician | 2 | 0 | 1200 | ३९,७५५ | | | | | | | |
| 6 | Labourer | 2 | 0 | 1200 | ३९,७५५ | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1200 | ३९,७५५ | | | | | | | |
| 8 | Black Smith | 2 | 0 | 1200 | ३९,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SANABIL AL ATAA TRADING

पूर्व स्वीकृति मिति २०८०/०३/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No.288037 चलानी न६०२०३३६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Technician | 1 | 0 | 1500 | ५४,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 4 | 0 | 2500 | ९०,५६५ | | | | | | | |
| 3 | Labourer | 11 | 0 | 1100 | ३९,८५० | | | | | | | |
| 4 | Driver | 8 | 0 | 2000 | ७२,४५५ | | | | | | | |
| 5 | Representative | 6 | 0 | 2000 | ७२,४५५ | | | | | | | |
| 6 | Gen. Cleaner Worker | 3 | 0 | 1100 | ३९,८५० | | | | | | | |
| 7 | Plaster Worker | 4 | 0 | 1200 | ४३,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.** श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALED ABBAS KHAZAL METAL INDUSTRIES FACTORY

पूर्व स्वीकृति मिति २०८०/०६/११ LT. No. 293275 चलानी नं. ६०२०८३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 2 | 0 | 1000 | ३५,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.** श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMDAAD PROJECTS AND SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०६/१२ LT. No. : 293205 चलानी नं.: ६०२०८३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Polishing Worker | 9 | 0 | 120 | ४१,४०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Vehicle Washing And Greasing Worker | 6 | 0 | 120 | ४१,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kasturi International Service Pvt. Ltd.** Govt. License 128/055/56
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

# प्रभाव दैनिक


## रूपशाला



### गीतकार अमगाईंको 'आँखा सँग' सार्वजनिक

गीतकार तथा समाजसेवी ध्रुवप्रसाद अमगाईंको 'आँखा सँग' गीत भिडियोसहित सार्वजनिक गरिएको छ। राष्ट्रिय गीतदेखि सुगम सङ्गीत, लोक विधामा समेत कलम चलाएका गीतकार गीतकार अमगाईंको शब्द सृजना रहेको सो गीतमा गायिका मिलन नेवार र गायक आनन्द कार्कीको स्वर रहेको छ। संगीतकार राज सागरको संगीत रहेको सार्वजनिक गीतको भिडियोमा समीक्षा पोखरेल र कमल सिंहको अभिनय देख्न सकिन्छ। निर्देशक सोनाम पाखिनले निर्देशन गरेको भिडियोको छायांकन उत्सव दाहालले गरेका हुन् भने जिबेश पौडेलले सम्पादन गरेका हुन्।


शनिबार, १३ असोज २०८० (Saturday, September 30, 2023)


# चौथो नेपाल म्युजिक एन्ड फेशन अवार्ड सम्पन्न

■ प्रभाव संवाददाता




**काठमाडौं–** विभिन्न ४० विधामा अवार्ड प्रदान गर्दै चौथो नेपाल म्युजिक एन्ड फेशन अवार्ड २०८० सम्पन्न भएको छ। यो अवार्ड समारोह काठमाडौंको रसियन कल्चरमा सम्पन्न भएको थियो। समारोहमा पूर्व प्रधानमन्त्री तथा नेकपा समाजवादीका नेता झलनाथ खनालले विभिन्न श्रष्टाहरूलाई सम्मान तथा अवार्ड प्रदान गर्दै यस्ता अवार्डले कलाकारहरूलाई सृजना गर्न प्रेरणा मिल्ने बताए।

कार्यक्रममा पत्रकार मदन कुमार श्रेष्ठलाई विशिष पत्रकारिता योगदान सम्मान र अन्नपूर्ण पोष्टका सम्पादक अखण्ड भण्डारीलाई राष्ट्रिय पत्रकारिता योगदान सम्मानबाट सम्मानित गरियो।

यस्तै ११ हजार १११ रूपैयाँ सहितको यसपटकको चलचित्र पत्रकारिता पुरस्कार पत्रकार विष्णु प्रसाद सुवेदीलाई प्रदान गरियो भने आर्थिक पत्रकारिता सम्मान मनोज थापालाई, श्रव्यदृष्य पत्रकारिता सम्मान अनिषा कार्कीलाई, गीतकार सम्मान सविता पोखरेललाई, म्युजिक भिडियो निर्देशकसम्मान उमेश गुरुङलाई, ब्युटिसियन सम्मान लक्ष्मी महर्जनलाई, मेकअप आर्टिष्टसम्मानबाट टेकराज पाण्डेलाई प्रदान गरियो।

यस्तै मोडल तथा गीतकार अभि सुनार, मोडल तथा संगीतकार मनोज सिग्देल (उरेश), मोडल रमेश सेन्चुरी, ब्युटिसियन रिता दुलाल, इभेन्ट कोअर्डिनेटर सपना गैरे पोखरेल, फोटोग्राफर सुजन सापकोटा, ब्युटिसियन सुनिरा श्रेष्ठ र लाईटम्यान सुनिल कुमार राउत पनि कार्यक्रममा सम्मानित भए।

सो अवार्ड समारोहमा आधुनिक विधा तर्फ उत्कृष्ट गायिकाको अवार्ड यो मनको आकाश गीतबाट अञ्जु पन्तले, गायिकाको जुरी अवार्ड तेज वति जोशीले उत्कृष्ट गायकको अवार्ड नघोच यो छाती गीतबाट नारायण थापाले जिते। उत्कृष्ट गीतकारको अवार्ड छाती किन पोल्छबाट बैकुण्ठ प्रसाद उपाध्यायले यही गीतबाट म्युजिक भिडियो निर्देशकको अवार्ड राजेश थापाले र महिला मोडलको अवार्ड अभिनेत्री केकी अधिकारीले हाँसिल गरे। आधुनिक गीत गीतकारको जुरी अवार्ड महसुस गरबाट डा. विनु बाबा अर्यालले, आधुनिक गीत पुरुष मोडलको अवार्ड जाले रुमालबाट बुद्धी तामाङले, उत्कृष्ट संगीत संयोजकको अवार्ड हजार जुनीबाट साहस शाक्यले, म्युजिक भिडियो कोरियोग्राफरको अवार्ड ए होर मायाँबाट मौसम हिमालीले, म्युजिक भिडियो सिनेमाटोग्राफरको अवार्ड बाबा गीतबाट रंधिर शाहले प्राप्त गरे। पूर्व प्रधानमन्त्री खनालसहित संगीत नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवम् गायक शम्भु राई, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलालगायतले विजेतालाई अवार्ड प्रदान गरे।

समरोहमा लोक दोहोरी तर्फ काठे लोक दोहोरी गायकको अवार्ड एउटा चिनोबाट नमराज ढुंगानाले, लोक दोहोरी गायकको अवार्ड धोको थिएनबाट रोशन तिखत्रीले, दोहोरी गायिकाको अवार्ड आईपुग्यो बाग्लुङबाट जुना श्रीष मगरले, लोक दोहोरी मोडल (पुरुष)को अवार्ड मुटु चस्केरबाट दीपेन्द्र सोनमले, लोकदोहोरी मोडल (महिला) को अवार्ड पागल मान्छेबाट अन्जु निरौलाले, मोडल (महिला) जुरी अवार्ड एउटा चिनोबाट सिम्रन दुलालले, लोक दोहोरी म्युजिक भिडियो निर्देशकको अवार्ड हाईसन्चोबाट एकेन्द्र साराशंकरले पाए।

सो कार्यक्रममा लोकगीत गायकको अवार्ड मेरी आमाबाट रमेश परियारले, लोक गायिकाको अवार्ड लाहुरे हुँ म गीतबाट मुना शाह, सर्वोत्कृष्ट देउडा गायिकाको अवार्ड बौजु गीतबाट झुमा लिम्बुले जिते।

कार्यक्रममा चलचित्र तर्फ उत्कृष्ट चलचित्र गीत गायिकाको अवार्ड चलचित्र दीलमाया-२को छुट्छकी साथ गीतबाट सरु गौतमले, चलचित्र गीत गायकको अवार्ड चलचित्र रोशनीको अधुरो छु म तिमी बिनाबाट ओम सुनारले पाए भने आदिबासी गीत तर्फ तामाङ भाषा गायिकाको अवार्ड म्हेन्दोरी लोई गीतबाट रमला पाखिन तामाङले र नेपाल भाषा गीत उत्कृष्ट गायिकाको अवार्ड हाकु दाईचा गीतबाट तेजवति जोशीले पाईन्।

यस्तै पप विधातर्फ आधुनिक पप गायकको अवार्ड तिमीलाई हेरी हेरी रहनेबाट आर्जन पाण्डेले, वर्षकै सर्वोत्कृष्ट लोक पप गीतको अवार्ड गायकबाट दुई नजरमार्फत सुरेन्द्र गौतमले, लोक पप गायकको जुरी अवार्ड नविन कुमार पौडेल १८ कट्यौकी कटेनौ गीतबाट पाए भने उत्कृष्ट लोकपप गीत गायकको अवार्ड मेरी मायाँलुबाट आश्रय रञ्जितले हाँसिल गरे।

यस्तै लोक पप गायक पब्लिक च्वाईस अवार्ड भागी भागी नजाउबाट गणेश थापाले, लोक पप गायिकाको अवार्ड पियारीबाट सहिमा श्रेष्ठले, लोकपप संगीतकारको अवार्ड क्लियर कटबाट योगेन्द्र उपाध्यायले प्राप्त गरे। यस्तै उत्कृष्ट पप गीत गायकको अवार्ड राम थैं म गीतबाट हेमन्त शिशिरले, लोक पप म्युजिक भिडियो मोडल (पुरुष)को अवार्ड पियारी गीतबाट रमेश चन्द सोडारीले, लोक पप म्युजिक भिडियो बाल मोडलको अवार्ड फस्दै गएछु गीतबाट दिप्सन चिलुवालले र लोक पप कोरियोग्राफरको अवार्ड ए केटा मादलु गीतबाट दिवस गिरीले हाँसिल गरे।

यो अवार्डको निर्णायकहरूमा गायिका जुनु रिजाल, गायक तथा मोडल दुर्गेश थापा, गायक रोशन सिंह, म्युजिक भिडियो निर्देशक बविता श्रेष्ठ र दृष्य सम्पादक बीरेन्द्र भाट (बिपिन) थिए। सो अवार्ड समरोहमा फेशन विधा तर्फ पनि विभिन्न अवार्ड प्रदान गरियो। जसमा उत्कृष्ट प्रोफेस्नल नेल टेक्निसियन अवार्डको शशी देवी घिमिरेले, उत्कृष्ट ब्युटिसियनको अवार्ड कृष्मा ओलीले, उत्कृष्ट फेशन एन्ड म्युजिकल प्रोग्राम अर्गनाईजर अवार्ड जोहन श्रेष्ठले हाँसिल गरे। फेशन तर्फको जुरीमा कोरियोग्राफर अश्विनी कान्त झा थिए। विलक्षण क्रियसन प्रा.लि. र स्टारवान इन्टरटेनमेन्ट प्रा.लि.ले आयोजना गरेको सो कार्यक्रममा विभिन्न कलाकारले सांगीतिक प्रस्तुति दिएका थिए।

# 'मिस एण्ड मिसेस् हेरिटेज इन्टरनेसनल नेपाल'का प्रतियोगीले देखाए 'कल्चर'



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस एण्ड मिसेस् हेरिटेज इन्टरनेसनल नेपाल २०२३'का प्रतियोगीले आ-आफ्नो कल्चर प्रदर्शन गरेका छन्। इन्द्रजात्राको अवसर पारेर आयोजित प्रतियोगीताको 'कल्चर शो' सेगमेन्ट अन्तर्गत उनीहरूले अनौठो र जीवनशैलीसँग जोडिएका कल्चर सामाग्री प्रदर्शन गरेका हुन्।

प्रतियोगीतामा बिभिन्न समुदायका १२ प्रतियोगी छन्। ति प्रतियोगीलाई एक अर्काको कलासंस्कृति र कल्चरको जानकारी गराउने उदेश्यले कल्चर शो आयोजना गरिएको ग्रीन आर्ट मिडियाकी प्रबन्ध निर्देशक तथा अन्तर्राष्ट्रिय कोरियोग्राफर अनिला श्रेष्ठले बताइन्।

बिहिबार नक्साल स्थित एटिक भेन्युमा आयोजित कल्चर शोमा सेलिब्रेटी, पुर्व मिस एण्ड मिसेज हेरिटेज, प्रतियोगीका अभिभावकलेको सहभागाति रहेको थियो। प्रतियोगीको अन्तिम स्पर्धा अगामी शुक्रबार आयोजना हुँदैछ। प्रतियोगी बिभिन्न प्रशिक्षण सहित फाइनल स्पर्धामा उत्रिने आयोजक ग्रिनआर्ट मिडियाका सिइयो प्रविन लाकौलले बताए।

प्रतियोगीताका विजेता 'मिस तथा मिसेस् हेरिटेज इन्टर नेसनल नेपाल' दुबैले ईप्लानेट सिंगापुरको आयोजनामा आगामी नोभेम्बर महिनामा थाइल्याण्डमा हुने 'हेरिटेज पेजेन्टस् २०२३'मा नेपालको तर्फबाट सहभागिता जनाउनेछन्।

हेरिटेज पेजेन्टस् युनेस्कोको ऐतिहासिक र महत्वपूर्ण सम्पदा सूचिमा परेका विश्वका विभिन्न मुलुकका सम्पदा र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन उदेश्यले आयोजना हुँदै आएको प्रतियोगीता हो।

सन् २०१६देखि नियमित नेपालको सहभागीता रहँदै आएको प्रतियोगीतामा गतबर्ष (२०२२)मा परिन्दा परि श्रेष्ठले मिसेस् हेरिटेज नेपाल र परिसा रानाभाटले मिस हेरिटेज नेपालको रूपमा प्रतिनिधित्व गरेका थिए। जसमा परिन्दाले मिसेस् एलिगेन्स र परिसाले मिस मल्टिमिडियाको उपाधि नेपाल भित्र्याएका थिए।

## रंगशाला

# फुटबलर बिमल लागे अस्ट्रेलिया

■ प्रभाव संवाददाता



**काठमाडौं–** चर्चित फुटबलर बिमल घर्तिमगर विदेश पलायन भएका छन्। सुरक्षित भविष्यको खोजीमा बिमल अष्ट्रेलिया लागेका हुन्। केही समयअघि विवाह बन्धनमा बाँधिएका बिमलले समेत नयाँ गन्तव्यको रूपमा बिदेशनै रोजेका छन्। राष्ट्रिय फुटबल टिमका स्टार फुटबलर समेत रहेका बिमलको विदेश पलायनले खेल क्षेत्रलाई स्तब्ध बनाएको छ।

उमेर समूह हुँदै राष्ट्रिय टिमसम्म आईपुगेका बिमल पछिल्लो पुस्ताको नेपाली फुटबलका उत्कृष्ट फरवार्ड मानिन्छन्। उनले करियरको सुरुआतमा युरोपेली फुटबलमा आबद्ध हुन प्रयास गरेका थिए। युवा अवस्थामै प्राप्त स्टारडमले उनलाई पछिल्लो एक दशक नेपाली फुटबलको लोकप्रिय फुटबलर बनाएको थियो।

उनकै नेतृत्वमा नेपालले यू-१९ साफ च्याम्पियनसिप जित्दै अन्तराष्ट्रिय फुटबलमा उपाधिको ढोका खोलेको थियो।

उनले नेपालका लागि यू-१९ साफ च्याम्पियनसिप सहित साग गेम्स, बंगबन्धु कप, एएफसी सोलिडारिटी सहित विभिन्न उपाधि जितेका छन्।

उनले नेपालको घरेलु फुटबलमा श्री स्टारबाट भारतको बार्दोलोइ ट्रफीदेखि मछिन्द्र फुटबल क्लबबाट दुई पटक लिग उपाधि जितेका छन्। मोफसलबाट काठमाडौं आएर अन्तराष्ट्रिय स्तरमा नाम कमाएका फुटबलरले करियरको बिट मार्दै विदेशीने निर्णय लिएका हुन्। करियरको उच्च फर्ममा रहने उमेरमा उनले विदेशीने निर्णय लिदाँ सबैभन्दा घाटा नेपाली फुटबललाई परेको छ।

पछिल्लो समय नेपाली फुटबलरमा विदेशी क्रम ह्वात्तै बढेको छ। सुरक्षित भविष्यको खोजीमा अधिककांश फुटबलर विशेष गरेर अष्ट्रेलियालाई नयाँ गन्तब्य बनाएका छन्। घरेलु फुटबलको संरचना गतिलो र बलियो नहुँदा वर्षभरी खेल्न नपाउने पिडा खेलाडीसँग छ। सोही कारण सुरक्षित भविष्य र राम्रो आम्दानीको खोजीमा फुटबलरहरू विदेश पलायन हुने क्रम बढेको छ।

# नेपाली पब्जी टिम सेमिफाइनलमा




**काठमाडौं (प्रस)–** चीनको होङजाउमा जारी १९ औं एसियाली खेलकुद (एसियाड) अन्तर्गत ई-स्पोर्टसमा नेपालको पब्जी टोली सेमिफाइनलमा पुगेको छ।

एलिमिनेसन राउन्डमा आफ्नो समूहको दोस्रो स्थानमा रहँदै नेपाली टोली सेमिफाइनल पुगेको हो। सेमिफाइनलमा ८ टोली रहने छन् जसमा ४र४ टोलीको दुईवटा समूह हुने छ।

समूहका शीर्ष दुई टोली फाइनल पुग्नेछन्। फाइनलमा चारवटा टोलीबीच प्रतिस्पर्धा हुने छ। नेपालका सुबिनकुमार प्रजापती, दिपेश गुरुङ, साहस भन्डारी र समिर गुरुङको टोलीले समूहमा रहेका प्यालेस्टाइन र साउदी अरबलाई पछाडि पाऱ्यो। हङकङ समूह विजेता बन्दै सेमिफाइनल पुगेको छ। दक्षिण कोरिया, थाइल्यान्ड, चीन, चाइनिज ताईपेई, जापान र इन्डोनेसिया पनि सेमिफाइनल पुगेका छन्।

# 'नेकोस खेलकुद महोत्सव' आजदेखि पोखरामा




■ प्रभाव संवाददाता

**गण्डकी–** नेपाल खेलकुद महासङ्घ समाजवादी (नेकोस) द्वारा आयोजित 'नेकोस खेलकुद महोत्सव' आज (शनिबार) देखि सुरु हुँदैछ। उक्त महोत्सवमा समावेश दस खेलमध्ये योग खेल र स्केटबोर्ड पोखरा रङ्गशालामा सञ्चालन हुने आयोजकले जनाएको छ।

शनिबार र आइतबार ती खेल सञ्चालन हुने महासङ्घका अध्यक्ष केशवकुमार विष्टले बताए। महोत्सवका अन्य खेल यही असोज २० गतेदेखि २३ गतेसम्म काठमाडौं, ललितपुर र हेटौंडामा सञ्चालन हुने उनको भनाइ छ।

महोत्सवमा राष्ट्रिय खेल भलिबल, एथ्लेटिक्स, तेक्वान्दो, कराँते, बि बोइङ, फुलकन्ट्याक्ट कराँते, सेपाकताक्रो, बुद्धिचाल, योग खेल र स्केटबार्ड सञ्चालन हुनेछ। 'केही लोकप्रिय र केही आझेलमा परेका खेललाई महोत्सवमा समावेश गरिएको छ', अध्यक्ष विष्टले भने, 'खेलाडी र खेल क्षेत्रको विकासमा टेवा थप्न महोत्सव राखिएको हो।'

शनिबारदेखि खेल प्रतियोगिता सुरु भए पनि महोत्सवको औपचारिक उद्घाटन भने यही असोज २० गते काठमाडौंमा गरिने भएको छ। पोखरामा सञ्चालन हुने योग खेल र स्केटबोर्डमा देशभरबाट करिब दुई सय जना खेलाडीले भाग लिने जनाइएको छ।

ती खेलका विजेता खेलाडीलाई आइतबार पोखरा रङ्गशालामा हुने विशेष समारोहमा पुरस्कार वितरण गरिने भएको छ। महोत्सवमा हुने सबै प्रतियोगितमा सातै प्रदेशको सहभागिता रहने अध्यक्ष विष्टले बताए। 'कपितय खेलमा खुला रूपमा पनि खेलाडी आउँछन्, सबै खेलमा गरी झण्डै दुई हजार खेलाडीले भाग लिँदैछन्', उनले भने, 'खेलाडीको यातायातदेखि खानेबस्ने व्यवस्था सबै आयोजकले मिलाउँछ।'

पहिलोपटक आयोजना गर्न लागिएको 'नेकोस खेलकुद महोत्सव'लाई बर्सेनि निरन्तरता दिइने आयोजकले जनाएको छ। महोत्सव सञ्चालनमा झण्डै दुई करोड खर्च लाग्ने अनुमान गरिएको छ। प्रतियोगितामा विजेता हुने खेलाडीलाई नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र गरिने जनाइएको छ।

'खेल गतिविधि पनि कम हुने र राज्यको पनि खासै ध्यान पुग्न नसकेका योग खेल, बि बोइङ जस्ता खेललाई पनि प्रतियोगितामा समावेश गरिएको छ', अध्यक्ष विष्टले भने, 'फुटबल, क्रिकेटजस्ता लोकप्रिय खेलका नियमित प्रतियोगिता भइरहेका हुन्छन्, तिनमा राज्यको पनि लगानी छ, कतिपय खेल त नेपालबाट हराउने चिन्ता छ, तिनको जगेर्ना गर्नु पनि महोत्सवका उद्देश्य हो।'

# अन्तरनगरपालिका राष्ट्रिय क्रसकन्ट्री दौडको तयारी पूरा

**काठमाडौं (प्रस)–** एथलेटिक्स परिवार नेपालको आयोजनामा शनिबार हुने अन्तर नगरपालिका राष्ट्रिय क्रशकन्ट्री दौडको सम्पुर्ण तयारी पूरा भएको छ। शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै आयोजक संस्थाले काठमाडौंको चन्द्रागिरीमा शनिबार हुने प्रतियोगिताको सम्पुर्ण तयारी पूरा भएको बताएको हो।

देशभरका नगरपालिकालाई एथलेटिक्स खेलसँग जोड्ने उद्धेश्यले सूरुआत गरिएको प्रतियोगिताको पहिलो संस्करणमा ३५ वटा नगरपालिकाबाट २ सय ५३ जना खेलाडीहरूले नाम दर्ता गराएको बताईएको छ।

प्रतियोगितामा सिनियर पूरुष र महिला तर्फ १० किमी दौड एबं जुनियर महिला र पूरुषतर्फ ५ किमी दौड सहित कूल ४ ईभेन्टमा व्यक्तिगत, टिम र समष्टिगत रूपमा खेलाडीबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगितामा १० किमी सिनियर महिला तथा पूरुषको व्यक्तिगततर्फ प्रथम हुनेलाई समान २५ हजार, द्बितियलाई १५ हजार र तृतियलाई १० हजार प्रदान गरिने एथलेटिक्स परिवार नेपालले जनाएको छ। जुनियर महिला र पुरुष ५ किमी व्यक्तिगतमा प्रथमलाई समान १५ हजार, द्बितियलाई १० हजार र तृतियलाई ७ हजार रूपैयाँ पुरस्कार प्रदान गरिनेछ।

यस्तै, सिनियर १० किमी महिला र पूरुषमा टिम प्रथमलाई समान २४ हजार, द्बितियलाई १८ हजार र तृतियलाई १२ हजार तथा जुनियर महिला र पूरुष टिममा प्रथमलाई १५ हजार, द्बितियलाई १२ हजार र तृतियलाई ९ हजार रूपैयाँले पुरस्कृत बताईएको छ।

# अमेरिका जान इजरायलीले भिसा लिनु नपर्ने

**वासिङ्टन–** इजरायलले प्यालेस्टिनी र अरब अमेरिकीविरुद्धको यात्रा प्रतिबन्ध फिर्ता लिएसँगै अमेरिकाले पनि इजरायलीरूलाई भिसा (प्रवेशाज्ञा) विना संयुक्त राज्य अमेरिकामा प्रवेश दिने घोषणा गरेको छ ।

आगामी नोभेम्बर ३० देखि लागू हुने यो व्यवस्थाअनुसार व्यापार र भ्रमण गर्न चाहने इजरायली नागरिकलाई तीन महिनासम्म अमेरिकामा बस्ने अनुमति प्राप्त हुनेछ तर निजले अमेरिका प्रवेश गर्नुअगावै आफ्नो भ्रमणको अभिलेख अध्यागमन विभागमा दर्ता गराउनुपर्नेछ ।

'असामाजिक एवं गैरकानुनी गतिविधि गर्नसक्ने ठानेर अमेरिकी अध्यागमन अधिकारीले निजलाई प्रवेशमा रोकसमेत लगाउन सक्नेछ,' अध्यागमन अधिकारीलाई दिइएको अधिकारको एक बुँदामा भनिएको छ। होमल्याण्ड सेक्युरिटीले निर्धारण गरेका पूर्वसर्तको पालना नभएमा इजरायलीले प्रवेशाज्ञा (भिसा) पाउने छैनन् ।

बाइडेन प्रशासनको यो घोषणाबाट इजरायलले अमेरिकामा प्रतिष्ठित स्थान प्राप्त गरेको छ । संसारका १९३ भन्दा बढी मुलुकमध्ये करिब ४० देशलाई मात्र अमेरिकाले 'भिसा लिनुनपर्ने'सुविधा र सम्मान दिएको छ । बाइडेन प्रशासनले वासिङ्टन, जेरुसेलम र रियादबीच चलिरहेको त्रिदेशीय वार्ताको परिणामका रूपमा पनि लिइएको छ । अब इजरायलले प्यालेस्टिनीहरूसँग राम्रो व्यवहार गर्ने अपेक्षा गरिएको छभने इजरायलमा साउदी लगानी बढ्ने आशा गरिएको छ। अमेरिकी मध्यस्थतामा साउदी र इजरायलबीचको सम्बन्ध सामान्य बन्दै गएको छ। गत साता साउदी अरबको एउटा उच्चस्तरीय टोली प्यालेस्टिनी क्षेत्रमा पुगेर त्यहाँको वस्तुस्थितिबारे जानकारी लिएको थियो ।

'भिसा छुट कार्यक्रममा इजरायललाई सहभागी गराउनु हाम्रो साझा सुरक्षा चासो हो, यसले हाम्रा दुई देशबीचको घनिष्ठ सहयोग र सहकार्यलाई प्रतिविम्बित गरको छ,' होमल्याण्ड सुरक्षासचिव अलेजान्ड्रो मेयोर्कासले एक वक्तव्यमा भनेका छन्, 'यसले संयुक्त राज्य अमेरिका र इजरायलबीचको एक दशकभन्दा बढीको काम र समन्वयलाई प्रतिनिधित्व गर्दछ, यसले आतंकवाद विरोधी सहकार्य, कानुन प्रवर्द्धन र हाम्रा अन्य साझा प्राथमिकताका क्षेत्रमा मिलेर काम गर्न प्रेरणा दिएको छ ।'

इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले अमेरिकी निर्णयको स्वागत गरेका छन् । अमेरिकाका लागि इजरायलका राजदूत माइकल हर्जोगले पनि अमेरिकी घोषणालाई दुई देशबीचको सम्बन्धमा महत्त्वपूर्ण उपलब्धि भन्दै त्यसको प्रशंसा गरेका छन् । 'यसले हाम्रो विशेष सम्बन्धलाई झल्काएको छ, जसले जनस्तको सम्बन्धलाई अझ प्रगाढ बनाउनेछ,' सामाजिक सञ्जाल एक्समा उनले लेखेका छन् । यसैबीच, केही अमेरिकी सांसदले विनाभिसा इजरायलीलाई अमेरिकामा प्रवेश गर्न दिने बाइडेन प्रशासनको आलोचना गरेका छन् । उनीहरूले प्यालेस्टिनीमाथिको व्यवहार इजरायलले नसच्याएको दाबी गरेका छन् । *रासस/एपी*

# पाकिस्तान विष्फोटमा सात जनाको मृत्यु

**इस्लामावाद–** पाकिस्तानको बलुचिस्तान प्रान्तको दक्षिणपश्चिमी मास्तुङ जिल्लामा शुक्रबार बिहान भएको विष्फोटमा परी कम्तीमा सात जनाको मृत्यु भएको छ भने अन्य २५ जनाभन्दा बढी घाइते भएका प्रहरीले जनाएको छ ।

इद मिलादुन नबी मनाउन मानिसहरू भेला भएको मस्जिदनजिकै उक्त विष्फोट भएको जनाउँदै प्रहरीले घटनाको विस्तृत विवरण प्राप्त हुन बाँकी रहेको बताएको छ। बलुचिस्तानका प्रान्तीय अधिकारीहरूले आतंकवादीहरूले उक्त विष्फोट गराएका बताउँदै त्यसको निन्दा गरेका छन् । साथै, उनीहरूले मृतकको संख्या बढ्न सक्ने बताएका छन् ।

पैगम्बर मोहम्मदको जन्मदिन मनाउन भेला भएका भक्तजनलाई लक्ष्य गरी विष्फोट गराइएको बताउँदै गृह मन्त्रालयले अनुसन्धान जारी रहेको जनाएको छ । मास्तुङ जिल्लाका सहायक आयुक्तले आतंकवादीले उक्त विष्फोट गराएको बताएका छन् । *रासस/सिन्ह्वा*

# इन्धन डिपो विष्फोटमा १७० जना मारिए

**येरेभान–** नागोर्नो-काराबाखको इन्धन डिपोमा भएको विष्फोटमा परी ज्यान गुमाउनेको संख्या १७० पुगेको काराबाख क्षेत्रका अधिकारीहरूले शुक्रबार घोषणा गरेका छन् ।

अजरबैजानी सैन्य आक्रमणबाट ज्यान जोगाउन भागेका तथा कयौं दिनपछि खुलेको इन्धन डिपोमा तेल किन्न गएका आर्मेनियालीहरूको विष्फोटमा मृत्यु भएको हो । आफ्नो मोटरमा तेल भरेर गन्तव्यतर्फ हिँडेका उनीहरूको जीवन इन्धन डिपोमा नै समाप्त भयो ।

नागोर्नो-काराबाख क्षेत्रका पृथकतावादी लडाकुहरूलाई निःशस्त्र गर्ने र अजरबैजानसँग एकीकरण गर्ने घोषणा गरेको भोलिपल्ट भएको विष्फोटमा ६८ जनाले ज्यान गुमाएका तथा अन्य २०० जना घाइते भएका सरकारी अधिकारीले बताएका थिए ।

काराबाख अधिकारीहरूका अनुसार कयौंको शव पहिचान गर्नसक्ने अवस्थामा नरहेकाले ती अर्मेनियाको फोरेन्सिक मेडिकल जाँच ब्युरोलाई हस्तान्तरण गरिएको छ । *रासस/एएफपी*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IMDAAD L.L.C.

पूर्व स्वीकृति मिति : २०८०/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No. 288922 चलानी नं. ६०२०४२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/general Labourer | 200 | 0 | 800 | २८,९३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/janitress | 0 | 200 | 900 | ३२,५५५ | | | | | | | |
| 3 | Rope Machine Operator | 50 | 0 | 1500 | ५४,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Sky Party Palace, Samakhusi, Kathmandu मा मिति: २०८० असोज २३ गते (10th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jassim Trading And Services Pvt. Ltd.**
Govt. License No: 332/059/060
G.P.O Box : 8974, Airport Road, Kathmandu, Nepal
Tel.: 01-4568845, 9805678135, 9805678136
Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRAL FOOD SERVICES W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०६/१२ LT. No.293279 चलानी नं.६०२०८३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 9 | 0 | 1800 | ६५,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Butcher | 3 | 0 | 1800 | ६५,६६५ | | | | | | | |
| 3 | Driver | 9 | 0 | 1800 | ६५,६६५ | | | | | | | |
| 4 | General Clean Worker | 7 | 15 | 1000 | ३६,४८० | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 2500 | ९१,२१० | | | | | | | |
| 6 | Waiter | 0 | 7 | 1500 | ५४,७२० | | | | | | | |

कम्पनी : KITCHEN ONE TRADING

पूर्व स्वीकृति मिति २०८०/०६/१२ LT. No.293172 चलानी नं.६०२०८३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Instal Technician | 1 | 0 | 1300 | ४७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: निःशुल्क कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORCEONE SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No. 287562 चलानी नं. ६०२०२८६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 23 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Dynamic Manpower Solution Pvt. Ltd**
श्रम ईजाजत नं.१५९४/०७९/८०
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497
E-mail: globaldynamics1594@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHATHER LADIES SALON COMPANY.

पूर्व स्वीकृति मिति २०७९/०९/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT No :279228 चलानी नं. ६०१९४८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician (Female) | 0 | 6 | 150 | ६४,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Indoor) | 0 | 9 | 120 | ५१,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Tel : 01- 4110082,
98510-23416, 98510-02766, 9813-951511, 9813-906565, 9810-195400
Email: ganapatioverseas258@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRITAM ARABIA COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No.293266 चलानी नं.६०२०८३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FIREMAN | 1 | 0 | 5000 | १७७,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**
Lic No. 1159/074/074
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDEN EAGLE SECURITY

पूर्व स्वीकृति मिति २०८०/०६/१२ LT. No. 293199 चलानी नं.६०२०८३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guard | 40 | 2 | 1500 | ५४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROTOCOLO CO FOR DELIVERY OF CONSUMER ORDERS

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No. 293174 चलानी नं.६०२०८३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 20 | 0 | 145 | ६२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २० गते (7th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SECURIDO GUARD SERVICES SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०४/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१२ LT. No. 289933 चलानी नं. ६०२०५१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 29 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २३/२४ गते (10/11th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं. ४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०८८०० | प्रति तोला - १०८३ ०० | प्रति तोला - १३९५ |



**मनमोहक माछापुच्छ्रे** | पोखरा महानगरपालिका-२९ भण्डारढिकबाट शुक्रबार बिहान देखिएको माछापुच्छ्रे हिमाल ।

*तस्बिरः रामबहादुर थापा/रासस*

## अर्थसमितिको कार्यविधि स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थसमितिको कार्यविधि, २०८० स्वीकृत भएको छ । मस्यौदामाथि दफावार छलफलपछि समितिको आजको बैठकले कार्यविधि स्वीकृत गरेको सभापति सन्तोष चालिसेले जानकरी दिए । उनका अनुसार अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग र लगानी बोर्डको कार्यालय तथा मातहतका कार्यालय समितिको कार्यक्षेत्रभित्र पर्दछन् ।

कार्यविधिअनुसार निर्धारित समयको ३० मिनेट बितिसक्दासम्म बैठक सुरु हुन नसकेमा सभापतिले स्थगित गर्नसक्ने व्यवस्था राखिएको छ । त्यस्तै बैठकको कार्यसूचीबारे ४८ घण्टाअगावै समितिका सदस्यलाई जानकारी गाराइसक्नुपर्नेछ । बैठकको कार्यसूचीमा परेका विषयको गाम्भीर्य, प्रकृति र महत्व हेरी बैठक सञ्चालन गर्ने र समयावधि तोक्ने जिम्मेवारी सभापतिलाई तोकिएको चालिसेले जानकरी दिए ।

उनका अनुसार समितिको बैठकमा विषय केन्द्रित भएर मात्रै कुरा राख्ने, समितिमा बोल्नका लागि सभापतिको ध्यानाकर्षण गराउन हात उठाएर नाम टिपाउने, एक जना सदस्य बोलिरहेको बेला अर्को सदस्य बोल्न नहुने, बोल्दा आदरसूचक



शब्दको प्रयोग गर्ने, अशिष्ट, अपमानजनक तथा आपत्तिजनक शब्द बोल्न नहुनेलगायत विषय राखिएका छन् । त्यस्तै, विशेष कारण परेको अवस्थामा बाहेक सभापतिको अनुमतिबेगर बैठक नसकिउन्जेल छाडेर जान नहुने, समिति बैठकमा मोबाइल फोनको प्रयोग गर्न नहुनेलगायतका विषय राखिएका छन् ।

कार्यविधिअनुसार कुनै सदस्यले आफू बैठकमा उपस्थित हुन नसक्ने अवस्था भएमा सोबारे सभापतिलाई जानकारी गराउनुपर्ने व्यवस्था गरिएको उनले बताए । समितिमा आएको विषयमा कुनै सदस्यको निजी वा व्यक्तिगत स्वार्थ जोडिएको देखिएमा सदस्य स्वयंले स्वेच्छाले कारणसहित सभापतिमार्फत जानकारी गराउनुपर्नेछ । साथै सो विषयमा समितिमा हुने छलफल र निर्णयबाट आफूलाई अलग राख्नुपर्नेछ ।

समितिको निर्णय प्रक्रिया, उपसमिति वा कार्यदल गठनको प्रक्रियालगायतका विषय पनि कार्यसूचीमा राखिएका छन् । समितिको कार्यक्षेत्रभित्र आएका विषयबारे अध्ययन, भ्रमण, अनुगमन, मूल्याङ्कन तथा अन्तर्क्रिया, विदेश भ्रमण, अन्य समिति वा निकायसँगको समन्वयलगायतका विषय पनि कार्यविधिमा छन् ।

समितिमा हालसम्म १६ वटा उजुरी परेको सचिव रेखा उपाध्याय खनालले बैठकमा जानकारी दिए ।

## ‘आर्थिक गतिविधिमा आत्मनिर्भर हुनुपर्छ’

**काठमाडौं (प्रस)–** मुलुकको राजनीतिक, आर्थिक तथा कूटनीतिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तित्वहरूले राजनीतिक स्थायित्व, चलायमान आर्थिक गतिविधि र सुरक्षाको प्रत्याभूतिका लागि देश आत्मनिर्भर हुनुपर्ने धारणा व्यक्त गरेका छन् ।

एकीकृत विकास प्रणालीका पक्षमा अध्ययन, अनुसन्धान गर्ने आइआइडीएस नामक संस्थाद्वारा शुक्रबार आयोजित ‘नेपालको विगत र भविष्यको आर्थिक कूटनीति’ विषयक प्रवचन कार्यक्रममा उनीहरूले राजनीतिक स्थायित्व, दिगो आर्थिक विकास, सांस्कृतिक पहिचान एवं संरक्षण र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा व्यवस्थाका आर्थिक कूटनीतिमा जोड दिँदै मुलुकलाई समृद्धिको बाटोमा अघि बढाउनुपर्ने बताए ।

वक्ताहरूले मुलुकको निर्वाचन प्रणाली खर्चिलो भइदिँदा विकृति-विसङ्गति मौलाएकाले त्यसलाई सम्बोधन गर्नुपर्ने, समग्र देश र जनताका पक्षमा राष्ट्रिय शक्तिहरूका बीच आन्तरिक एकता हुनुपर्ने, देशभित्र लगानीको वातावरण सिर्जना गरी रोजगारीको समस्या हल गर्नुपर्ने, युवा शक्तिलाई विदेश पलायन हुनबाट रोक्नुपर्ने र आर्थिक कूटनीतिलाई प्राथमिकता दिई अन्तर्राष्ट्रिय लगानी भित्र्याउनुपर्ने खाँचो औंल्याए ।

कार्यक्रममा राप्रपाका नेता, पूर्व अर्थ तथा विदेशमन्त्री डा प्रकाशचन्द्र लोहनीले प्राकृतिक सम्पादाले भरिपूर्ण देश नेपाल सत्ताकेन्द्रित राजनीतिका कारण पछि पर्नुपरेको धारणा व्यक्त गर्दै सबैभन्दा पहिले छिमेकी देश चीन र भारतको विश्वास जिती लगानी गर्न इच्छुक बाह्य देश तथा अन्तर्राष्ट्रिय निकायलाई आकर्षित गर्न सक्नुपर्नेमा जोड दिए ।

संयुक्त राष्ट्रसङ्घका पूर्व स्थायी कूटनीतिक प्रतिनिधि प्रा डा जयराज आचार्यले शान्ति सेनाका हैसियतले नेपालले कमाएको प्रख्यातिलाई देश विकासका पक्षमा प्रयोग गर्नुपर्ने, राष्ट्रिय शान्ति स्थापना, उन्नत तथा व्यवस्थित कृषि प्रणाली र पूर्वाधार निर्माणका क्षेत्रमा समेत नेपाली सेनालाई प्राथमिकता दिनुपर्ने, सही व्यक्तिलाई उचित स्थानमा जिम्मेवारी दिई आर्थिक कूटनीतिमा जोड दिनुपर्ने सुझाव दिए । आयोजक संस्थाका अध्यक्ष, सांसद तथा अर्थविद् डा स्वर्णिम वाग्लेले मुलुकको समग्र राज्य संयन्त्रलाई अझ व्यवस्थित र सुदृढ तुल्याउँदै लगानीमैत्री नियम, कानुनको व्यवस्था गरी अन्तर्राष्ट्रिय निकायसहित विश्वभर छरिएर रहेका नेपाली समुदायको समेत लगानी भित्र्याउन सम्बद्ध पक्षको ध्यानाकर्षण गरे ।

## बजार अनुगमन थप प्रभावकारी बनाउनुस् : कावा प्रधानमन्त्री खड्का

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्रीको जिम्मेबारीसमेत सम्हालेका उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले मूल्य वृद्धि र कलोबजारी कडाइका साथ नियन्त्रण गर्ने गरी थप सक्रिय भएर बजार अनुगमन गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिएका छन् ।

बजारमा अस्वभाविक रूपमा मूल्य वृद्धि भएको जनगुनासो बढेको भन्दै उनले सम्बन्धित अधिकारीसँग बजार अनुगमनको अवस्थाबारे जानकारी लिँदै उक्त निर्देशन दिएका हुन् । बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल, निमित्त मुख्यसचिव, गृह सचिव, प्रधानमन्त्री कार्यालयका सचिव, काठमाडौं र भक्तपुरका प्रमुख जिल्ला अधिकारी, वाणिज्य विभाग, खाद्य प्रविधि गुणस्तर तथा नापतौल विभागका अधिकारीहरू सहभागी भएका थिए ।

बैठकमा अहिलेसम्म बजार अनुगमनको समीक्षा हुनुका साथै बजार अनुगमनलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो । बैठकमा उपप्रधानमन्त्री खड्काले खासगरी दैनिक उपभोग्य समानको अभाव हुन नदिन, कलोबजारी तथा अस्वाभाविक मूल्य वृद्धि रोक्ने गरी प्रभावकारी अनुगमन बढाउन आग्रह गरे ।

चाडपर्वका बेला उपभोक्तालाई कालोबजारी र महँगीको चपेटामा पर्ने अवस्था सिर्जना हुन नदिन सबै जिल्लामा भइरहेको अनुगमनलाई थप प्रभावकारी बनाएर अनुगमन गरेर नागरिकले राहतको अनुभूत गर्ने गरी काम गर्न उनले निर्देशन दिए । अहिलेको बजार अनुगमन बढाउन र त्यसलाई थप प्रभावकारी बनाउन सङ्घीय सरकार थप सहयोग गर्न तयार रहेको भन्दै उनले बजार अनुगमनको काममा प्रदेश र स्थानीय सरकारलाई समन्वय गराएर जान पनि उनले अधिकारीहरूलाई निर्देशन दिए । कार्यवाहक प्रधानमन्त्री खड्काले हरेक दिन के कति बजार अनुगमन भयो र दोषी देखिएकालाई के कारबाही भयो भनेर जनताले जानकारी पाउने गरी सूचना दिने प्रबन्ध मिलाउन पनि सम्बन्धित अधिकारीलाई आग्रह गरे ।

## सोलुमा मिडल इन्खु जलविद्युत् बन्ने

**काठमाडौं (प्रस)–** पछिल्ला दिनमा जलविद्युत् आयोजनाको केन्द्रका रूपमा स्थापित हुँदै गएको सोलुखुम्बुमा थप एक आयोजना निर्माण हुने भएको छ ।

करिब २८ मेगावाट (२७ दशमलव नौ) मेगावाट क्षमताको मिडल इन्खु जलविद्युत् आयोजना निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रिया अगाडि बढाइएको छ । वातावरणीय प्रभाव मूल्याङ्कनबाट प्राप्त विवरण सार्वजनिक गर्दै वन तथा वातावरण मन्त्रालय र सम्बन्धित आयोजनाले त्यसमा सुझाव दिन आज एक सूचनामार्फत आग्रह गरेको छ ।

सोलुखुम्बुको सोताङ गाउँपालिका-२ र माप्य दूधकोशी गाउँपालिका-७ मा अवस्थित रहेको सो आयोजना नदी प्रवाहमा आधारित प्रकृतिको छ । यस जलविद्युत् आयोजनाको ग्रस हेड चार सय २३ मिटर छ । सो आयोजनाको वार्षिक ऊर्जा उत्पादन एक सय ६४ गिगावाट घण्टा छ ।

प्रस्तावित आयोजनाको हेडवर्क्स, इन्टेक एप्रोच क्यानल, डिसेन्डर इन्खु खोलाको दायाँ किनारमा प्रस्ताव गरिएको छ । बाँकी हेडरेस टनेल, सर्ज साफ्ट, पेनस्टक पाइप, विद्युत्गृह, टेलरेस, स्वीचयार्ड, टर्बाइन इन्खु खोलाको बायाँ किनारमा प्रस्ताव गरिएको छ ।

आयोजनाबाट उत्पादित बिजुली एक सय ३२ केभी क्षमताको २५ किलोमिटर लामो प्रसारण लाइनमार्फत स्थानीय तिङ्ला सवस्टेशनमा जोडिनेछ । आयोजनाको कूल लागत रु पाँच अर्ब ४७ करोड ९८ लाख २३ हजार बराबर रहने प्रस्ताव गरिएको छ । यस आधारमा आयोजनाको प्रतिमेगावाट लागत रु १९ करोड ३५ लाख ५० हजार बराबर रहनेछ । आयोजनाको निर्माण चरणमा प्रत्यक्षरूपमा तीन सय ३७ जनाले रोजगारी प्राप्त गर्नेछन् । त्यसमा ४८ जना दक्ष, ५० जना अर्धदक्ष र कामदार र श्रमिक भने दुई सय ३९ जना रहने छन् ।

## तीन मुलुकसँग द्विपक्षीय हवाई सम्झौताको तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले अन्तर्राष्ट्रिय हवाई सञ्जाल विस्तार गर्ने क्रममा युरोपेली मुलुक स्वीट्जरल्यान्डसहित तीन मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गर्ने तयारी गरिरहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जानकारी दिएको छ ।

विश्वका ४० मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको नेपालले स्वीट्जरल्यान्ड, इन्डोनेसिया र रुवान्डासँग हवाई सम्झौताको तयारी गरेको मन्त्रालयका नागरिक उड्डयन महाशाखा प्रमुख एवं सहसचिव बुद्धिसागर लामिछानेले जानकारी दिए । तीनवटै मुलुकसँग हवाई सम्झौताका लागि आवश्यक कागजी प्रक्रिया पूरा भइसकेकाले समय र स्थान तय गरेर सम्झौता गरिने उनको भनाइ छ ।

सहसचिव लामिछानेले भने, ‘अहिले तीन मुलुक स्वीट्जरल्याण्ड, रुवाण्डा र इन्डोनेसियासँग नयाँ हवाई सम्झौता गर्ने प्रक्रियामा छौं, हवाई सम्झौताको मस्यौदालाई छिट्टै मन्त्रिपरिषद्‌बाट स्वीकृत गराएर सम्झौताका लागि समय र स्थान तय गरिनेछ ।’ क्यानाडाको मोन्ट्रियलमा भएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को ४१औं महासभाका अवसरमा दुई देशबीच प्रारम्भिक हवाई सम्झौताको सैद्धान्तिक सहमति भएको थियो । नेपाल र स्वीट्जरल्यान्डबीच एयर कनेक्टिभिटीका लागि एमओयु भएको र अरू धेरै मुलुकसँग पनि एमओयु पाइपलाइनमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

द्विपक्षीय हवाई सम्झौता अन्तर्राष्ट्रिय कूटनीतिको महत्वपूर्ण अङ्ग पनि भएकाले यसलाई क्रमशः विस्तार गर्दै लाने सरकारको नीति छ । हवाई सम्झौता नेपालको गौरवसँग जोडिएको विषय पनि हो । मन्त्रालयका सहसचिव लामिछानेले नेपालले विभिन्न मुलुकसँग गरेका सम्झौताका माध्यमबाट ती मुलुकबीच संरचनागत सम्बन्ध कायम हुने तथा द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ तुल्याउने विश्वास व्यक्त गरे । आइकाओको मापदण्डअनुरूप दुई मुलुकबीचको हितमा रहेर द्विपक्षीय हवाई सम्झौता गरिन्छ ।

सहसचिव लामिछानेले कुवेत र युएईको पुरानो हवाई सम्झौता समीक्षा गर्न लागिएको पनि जानकारी दिए । ‘कुवेत र युएईको पुरानो




हवाई सम्झौता समीक्षा गर्न उनीहरूबाटै माग भई आएकाले नेपालले पनि त्यसलाई स्वीकार गरी काम सुरु भएको छ’, उनले भने । नेपालले हाल ४० देश र युरोपेली सङ्घ (ईयु) गरी ४१ मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको छ । तीमध्ये २० भन्दाबढी गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भइरहेको छ । सरकारले पछिल्लो पटक अष्ट्रेलियासँग हवाई सेवा सम्झौता गरेको थियो ।

सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा नयाँ मुलुकसँग हवाई सेवा सम्झौता गर्ने घोषणा गरेको छ । मुलुकमा निर्माण सम्पन्न भएका अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णक्षमतामा उपयोग गर्न नयाँ मुलुकसँग हवाई सम्झौता गरिने उल्लेख छ ।

नेपालले मध्यपूर्वी एशियाली मुलुक इन्डोनेसियासँग पनि छिट्टै हवाई सेवा सम्झौता गर्नेगरी तयारी गरेको छ । दुई मुलुकबीच हवाई सम्झौताको अन्तिम तयारी भइरहेको पर्यटन मन्त्रालयले जनाएको छ । इन्डोनेसिया-नेपाल दुईतर्फी उडानका लागि मन्त्रालयले आधिकारिक जिएसए तोकिसकेको छ । इन्डोनेसियाको गरुडा एयरका लागि नेपालको सोसाइटी इन्टरनेशनल आधिकारिक जिएसए रहेको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार हाल नेपालमा तीन वटा नेपालीसहित ३० वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडान गर्दै आएका छन् । नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स), हिमालय एयरलाइन्स र बुद्ध एयरले अन्तर ाष्ट्रिय उडान गर्दै आएका छन् । अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी एयर इण्डिया, इन्डिको एयर, एयर चाइना, चाइना इस्टर्न, चाइना साउदर्न, सिचुवान एयरलाइन्स, तिब्बत एयरलाइन्स, भूटान एयरलाइन्स, विमान बङ्गलादेश र ड्रुक एयरले उडान गर्दै आएका छन् ।

त्यस्तै, क्याथे प्यासिफिक, भिस्तारा, जजीरा एयरवेज, कोरियन एयरलाइन्स, श्रीलङ्कन एयरलाइन्स, टर्किस एयरलाइन्स, कतार एयरवेज, सिङ्गापुर एयरलाइन्स, एयर अरेबिया अबुदाबी, मलेसिया एयरलाइन्स, कुवेत एयरवेज, मालिन्दो एयर, सलाम एयर, थाई लाइन, थाई स्माइल एयरलाइन्सलगायत अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले विभिन्न ट्रान्जिट हुँदै नेपाल-अमेरिका उडान सेवा दिँदै आएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ